डेङ्गी नियन्त्रणका उपाय
-लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाइ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने ।
-लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउने ।
-डेङ्गीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 21 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४

## वीरगंज, पोखरिया र पटेर्वासुगौलीको खाता चालू
## अझै १० पालिकाको खाता सञ्चालनमा रोक

प्रस, वीरगंज, ४ असोज/

पर्सा जिल्लाका १४ वटा पालिकामध्ये असोज ४ गते शुक्रवारसम्म चारवटा पालिकाको मात्र बजेट निकासा भएको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साका मनीष गौतमले भदौ २३ गतेसम्म सखुवाप्रसौनी गापा मात्रको बजेट निकासा भएकोमा अहिले वीरगंज महानगरपालिका, पोखरिया नगरपालिका र पटेर्वासुगौली गापा गरी चारवटा पालिकाको मात्र खाता सञ्चालनमा आएको बताए । सरकारले दिने अनुदान सहयोग त्रैमासिकरूपमा कोलेनिकामार्फत पालिकाहरूको खातामा जान्छ तर मन्त्रालयले पर्सा जिल्लाका १० वटा पालिकालाई अहिलेसम्म खाता सञ्चालनको सुविधा प्रदान गरेको छैन ।

यसो गर्नुको कारण १० वटा पालिकाले अहिलेसम्म मन्त्रालयलाई नगर/गाउँ सभा गरेको विवरण अद्यावधिक गराएका छैनन् । असार ९ र १० गते पर्साका केही पालिकाहरूले नगर/गाउँ सभा सम्पन्न गरेका थिए ।

नगर/गाउँ सभा गरेका पालिकाहरूले बजेट विनियोजन गरेका वडाहरूका साथै नगर/गाउँ स्तरीय योजनाहरूको पनि सूची मन्त्रालयमा पठाएको खण्डमा मात्र उनीहरूको बजेट निकासा हुन्छ ।

वीरगंज महानगरपालिका, पोखरिया




त्यसपछि आज शुक्रवार धोबिनी गाउँपालिकाले गाउँसभा गरेपछि अब बहुदरमाई नगरपालिकाको मात्र नगरसभा हुन बाँकी छ । नगर/गाउँ सभा सम्पन्न गरेको जानकारी मन्त्रालयलाई गराएका पालिकाहरूको हकमा मात्र मन्त्रालयले बजेट निकासाको लागि बाटो खुला गर्छ ।

पर्सामा हालसम्म १३ वटा पालिकाको नगर/गाउँ सभा सम्पन्न भएपनि मन्त्रालयमा भने चारवटाको मात्र सूची पेश भएको छ ।

र पर्सागढी नगरपालिका, विन्ध्यवासिनी, छिपहरमाई, पकाहामैनपुर, जगरनाथपुर, ठोरी, जीराभवानी, पटेर्वासुगौली, कालिकामाई र धोबिनी गापा गरी १३ वटा पालिकाले नगर/गाउँ सभा गरे, बजेट बनाए तर वडा र नगरस्तरीय बजेट कुन शीर्षकमा कति छुट्टाएका थिए स्पष्ट पारेका थिएनन् । हालै वीरगंज, पटेर्वासुगौली र पोखरिया नपाले यो प्रक्रिया पूरा गरेका छन् र उनीहरूको खाता सञ्चालनमा आएको कोलेनिका, पर्सा कर्मचारी गौतमले बताए ।

## धोबिनीको गाउँसभा भयो, बहुदरमाईको मात्र बाँकी




प्रस, पोखरिया, ४ असोज/

धोबिनी गाउँपालिकाको गाउँसभा शुक्रवार सम्पन्न भएको छ। गापा अध्यक्ष मदनप्रसाद चौहानको अध्यक्षतामा भएको गाउँसभामा उपाध्यक्ष मञ्जु देवीको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारले आव २०८१/८२ को लागि ३९ करोड एक लाखको अनुमानित आय–व्यय प्रस्तुत गरेका थिए ।

असारमा गर्नुपर्ने गाउँसभा अल्पमत र बहुमतको विषयलाई लिएर हुन सकेको थिएन । रौनियार प्रमुख प्रशासकीय अधिकृत भएरसो गापामा आएपछि उनले जनप्रतिनिधिहरूबीच सहमति गराएपछि गाउँसभा भएको हो। यससँगै पर्सामा १३ वटा पालिकाको नगर/गाउँ सभा सम्पन्न भएको छ ।

अब बहुदरमाई नगरपालिकाको मात्र नगरसभा हुन बाँकी छ। यस अघि हालै केही दिन अघि कालिकामाई गापाले गाउँसभा गरेको थियो ।

## अध्यक्ष पोखरेलपछि कावा अध्यक्ष विष्टको राजीनामा
## असोज १२ गते पनि महासङ्घको निर्वाचन नहुने

प्रस, वीरगंज, ४ असोज/

नेपाल पत्रकार महासङ्घको अधिवेशन अनिश्चित भएको छ । बिहीवार राति सूचना जारी गर्दै कावा अध्यक्ष रमेश विष्टले शुक्रवारदेखि हुने भनिएको उम्मेदवारी दर्ता प्रक्रिया रोकिदिनका लागि निर्वाचन समितिलाई पत्राचार गरेका थिए । सोअनुरूप हिजै राति निर्वाचन समितिले आजदेखि हुने भनिएको उमेदवारी दर्तालगायत निर्वाचनका सबै कार्य अनिश्चितकालका लागि स्थगन गरेको सूचना जारी गरेको थियो । हिजो कावा अध्यक्ष विष्टको अगुवाइमा पत्रकार महासङ्घको केन्द्रीय कार्यालयमा लागेको ताला खोलिएको थियो ।

उनले जिल्ला शाखाको मागलाई सम्बोधन गर्ने आश्वासन दिएपछि भदौ ३० गतेदेखि लगाएको ताला खोलिएको थियो। पछिल्लोपटक महासङ्घले असोज १२ गते निर्वाचन मिति तोकेर भदौ २९ गते सदस्यता नामावली सार्वजनिक गरेपछि देशभरका शाखाहरूले आपत्ति जनाएका थिए ।

देशभरका ५३ शाखाले नयाँ सदस्यता नामावली चौथोपटक प्रकाशित हुँदा झनै भाँडभैलो तरीकाबाट आएको र यसमा जिल्ला शाखाले सिफारिश गरेभन्दा करीब २४ सय बढी सदस्य केन्द्रले थप गरेको भन्दै आपत्ति जनाएका थिए । जिल्ला, प्रदेश र केन्द्रमा समेत आवेदन नपरेकाहरूलाई हचुवाको भरमा पुरानो सदस्य भनेर नवीकरण गरिएको र नयाँ सदस्यता दिएको भन्दै विरोधमा वक्तव्य प्रकाशित गर्नुका साथै सो सुधार भएपछि मात्र निर्वाचन गराउन सुझाइएको थियो।

बुधवार ५३ जिल्लाका अध्यक्षहरूको विरोधपूर्ण हस्ताक्षर भएको ध्यानाकर्षणपत्र कावा अध्यक्ष विष्टलाई बुझाएको नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले बताए । कावा अध्यक्ष विष्टले जिल्लाको माग सम्बोधन हुने आश्वासन दिएको तर शुक्रवार उनले पनि राजीनामा दिएपछि महासङ्घको निर्वाचन अनिश्चित भएको छ ।

कावा अध्यक्ष विष्टले जिल्ला अध्यक्षहरूको भेला गरेर आउने रायसुझावको आधारमा अर्को निर्वाचन मिति घोषणा गर्ने तयारी गरिएको बखत उनलाई विभिन्न राजनीतिक दलका भ्रातृ सङ्गठनहरूबाट दबाब एवं धम्कीहरू आएको भन्दै उनले पदबाट राजीनामा दिएको उल्लेख गरेका छन् । उनको राजीनामासँगै महासङ्घको निर्वाचन असोज १२ गते पनि नहुने भएको छ र अब छठपछि कात्तिकमा हुने बताइँदैछ ।

## सरकारले बजेट नदिएपछि पोषण कार्यक्रम प्रभावित

धर्मेन्द्र चौरसिया, पोखरिया, ४ असोज/

सरकारले चालू आवमा पोषण कार्यक्रमका लागि बजेट विनियोजन नगरेपछि पर्सा जिल्लाका पालिकाहरूमा यो कार्यक्रम बन्द भएको छ । सङ्घ सरकारको ७० प्रतिशत र युरोपियन युनियनको ३० प्रतिशत सहयोगमा पोषण कार्यक्रम सञ्चालनमा थियो ।

खासगरी गर्भवती/सुत्केरी महिलाहरूका लागि अन्डा, हर्लिक्स, गेडागुडी, पीठोलगायतका पोषिला खानेकुराहरू उपलब्ध गराइँदै आएको थियो । पालिकाहरूले यो कार्यक्रम वडास्तरमा सञ्चालन गर्दै आएका थिए। गर्भवती र सुत्केरी महिलाहरूको सूची बनाएर वडाध्यक्ष, सदस्यहरूले घरमैं पुगेर पौष्टिक आहार वितरण गर्दै आएका थिए ।


तस्वीरः फाइल

यसो गर्नुको पहिलो कारण थियो प्रत्यक्षरूपमा आफ्नो निगरानीमा गर्भवती र सुत्केरी महिलाहरूले पोषणयुक्त खाद्य सामग्री पाऊन् र अर्को चुनावमा उनीहरूबाट सहानुभूति मत पाउन । सरकार र युरोपियन युनियनको सशर्त अनुदानको यो कार्यक्रमबाट वडाध्यक्ष, सदस्यहरूसँग कतिपय पालिकाहरूमा प्रमुख/उपप्रमुखहरूले पनि घरदैलो गरेर पौष्टिक आहार वितरण कार्यलाई महत्त्व दिंदै आएका थिए ।

तर चालू आवमा भने सरकारले पालिकाहरूमा पठाउने ७० प्रतिशत अनुदान पठाएको छैन । बजेटमा नै व्यवस्था नगरेपछि यो कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट आउनुपर्ने अनुदान सहयोग आएको छैन । सरकारले जेठ १५ मा ल्याएको बजेटमा पोषण कार्यक्रम समावेश नगरेपछि यसलाई प्रभावकारी बनाउनका लागि पालिकाहरूले पनि आफ्नो बजेटमा प्राथमिकता दिएनन् र उनीहरूले असारमा ल्याएको बजेटमा यो कार्यक्रममा बजेट छुट्याएनन् ।

अहिले पोषण कार्यक्रम अन्तर्गत युरोपियन युनियनले ३० प्रतिशत बजेट पालिकाहरूमा पठाइसकेको छ तर सो रकम यो कार्यक्रमका लागि परिचालन हुने पोषण सहजकर्ताहरूको तलब सुविधामा खर्च गर्न मात्र पुग्ने देखिन्छ । यस अर्थमा पोषण कार्यक्रम यो वर्ष सञ्चालनमा नआउने तर पोषण सहजकर्ताहरूले तलब सुविधाहरू भने बुझ्ने देखिन्छ ।

ठोरी गाउँपालिका कार्यालयका निमित्त प्रमुख प्रशासकीय अधिकृत धर्मराज थापाले सरकारबाट अनुदान सहयोग नआएको र पालिकास्तरमा पनि चालू आवमा बजेट विनियोजन नभएको बताए । उनले युरोपियन युनियनबाट आउने ३० प्रतिशत बजेट पोषण सहजकर्ताहरूको तलब सुविधामा मात्र खर्च हुने र कार्यक्रम प्रभावित हुने बताए ।

## शिक्षामा राजनीति नगरौं –नगरप्रमुख चौहान

प्रस, पोखरिया, ४ असोज/

पोखरिया नगरपालिका–५ सतवरियास्थित राधाकृष्ण प्राविमा शुक्रवार भएको भेलाले विद्यालय व्यवस्थापन समिति गठन गर्न सकेन ।



वडाध्यक्ष महिन्द्र महतोको अध्यक्षतामा भएको भेलाको नगरप्रमुख प्रद्युम्न चौहानले उद्घाटन गरेका थिए । उनले शिक्षामा राजनीतीकरण नगर्न र विद्यालय सञ्चालनका लागि विशुद्ध अभिभावकबाटै नेतृत्व चयन गर्नुपर्ने सुझाए।

उनले सबै थोकमा राजनीति हाबी हुँदै जाँदा विकृति मौलाएको भन्दै शिक्षालाई यसबाट अलग राखेर पोखरियामा शिक्षाको महत्त्व दर्शाउन आग्रह गरे । उद्घाटन सत्रमा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, संविधानसभा सदस्य रामेश्वर रौनियार, वडाध्यक्ष लछुमनसाह कानू, स्थानीय गोवर्द्धन यादव, विन्ध्याञ्चल ठाकुरलगायतको सहभागिता थियो ।

सो विद्यालयमा १३२ जना अभिभावकमध्ये ५५ जना पदीय आकाङ्क्षी देखिएपछि सहमति हुन सकेन ।

(बाँकी अन्तिम पातामा)

## विश्रामपुर गापा अध्यक्षलाई अदालतमा उपस्थित हुन आदेश

प्रस, परवानीपुर, ४ असोज/

बारा जिल्ला विश्रामपुर गाउँपालिकाका अध्यक्ष जुल्फकार अली भुट्टोलाई उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले अपहेलना मुद्दामा सात दिनभित्र उपस्थित हुन आदेश दिएको छ ।

अदालतले जारी गरेको परमादेश आदेशलाई बेवास्ता गर्दै अध्यक्ष भुट्टोले निजी सम्पत्तिमा डोजर चलाएर घर भत्काएको आरोप लागेको छ। अध्यक्ष भुट्टोले विनाकुनै सूचना र कानूनी अनुमतिबेगर निजी जग्गामा डोजर चलाएको भनी पीडित पक्षले अदालतमा मुद्दा दायर गरेको थियो । अध्यक्ष भुट्टोले अदालतको आदेशलाई नजरअन्दाज गर्दै निजी सम्पत्तिमा हस्तक्षेप गरेको आरोपमा अदालतले सात दिनभित्र भुट्टोलाई अदालतमा उपस्थित भएर

(बाँकी अन्तिम पातामा)

पेन्सनपट्टाको कागजात हराएको सूचना
मेरो पेन्सनपट्टाको कागजात हराएकोले कुनै महानुभावलाई प्राप्त भएमा निम्न लिखित ठेगानामा पुऱ्याइदिएबापत कृतज्ञ हुनेछ ।
डा शिवशङ्कर यादव
यादव अल्ट्रासाउन्ड, छपकैया, वीरगंज–३, पर्सा

## विचारसार र सूक्तिहरू

**दिमाग भनेको पाराशूटजस्तै हो । खुलेन भने काम गर्दैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# जुटमा लगानी बाहिरिँदै

**चालू आवको पहिलो दुई महीनामा बङ्गलादेशबाट ४१ करोड ५७ लाख ८७ हजार ६५२ रुपैयाँ मूल्यको जुट आयात भएछ । दुई महीनामा उक्त परिमाणको जुट आयात भएछ भने, एक वर्षमा बङ्गलादेशबाट मात्रै कति मूल्यको जुट आयात भएको होला, अनुमान गर्न सकिन्छ । हाम्रो मुलुकमा भारत, बङ्गलादेश र चीनबाट जुट तथा जुटजन्य सामग्री आयात गरिन्छ । सोमध्ये सबैभन्दा ठूलो परिमाणमा भारतबाट आयात हुने हो । मुलुकमा वार्षिक साढे चार अर्ब रुपैयाँभन्दा बढीको जुट आयात भइरहेको देखिन्छ । भन्सार विभागको तथ्याङ्क अनुसार पूर्वी नाका काँकडभिट्टाबाट मात्रै आव २०७९/८० मा तीन अर्ब ७४ करोड सात लाख ९९ हजार रुपैयाँको तीन करोड ७० लाख ५४ हजार ६०३ किलो जुट तथा जुटजन्य सामग्री आयात भएको थियो । यस्तै, गत आव २०८०/८१ मा तीन अर्ब ४६ करोड ९६ लाख १९ हजार रुपैयाँको ४१ करोड ४६ लाख ९४३ किलो जुट तथा जुटबाट निर्मित सामग्री आयात गरियो । यस अवधिमा अन्य नाकाबाट पनि जुट आयात भएका छन् ।**

**हाम्रो मुलुकमा रहेका ११ वटा जुटमिलमध्ये अहिले पनि पाँचवटा सञ्चालनमा छन् । ती जुट उद्योगबाट वार्षिक ६५ हजार मेट्रिक टन तयारी वस्तु उत्पादन भइरहेको छ । मुलुकको ठूलो र ऐतिहासिक विराटनगर जुट मिललगायत छवटा मिलहरू बन्द छन् । चालू रहेका मिलहरूका लागि वार्षिक करीब ७० हजार मेट्रिक टन कच्चा जुट आवश्यक पर्छ । आवश्यकमध्ये सुनसरी, मोरङ, झापा, सिराहा, सप्तरी, उदयपुरलगायत जिल्लामा गरी हाल करीब १८ हजार मेट्रिक टन जुटको कच्चा पदार्थ उत्पादन भइरहेका छन् । मुलुकभित्र जुटजन्य सामग्री उत्पादन भइरहेका तर कच्चा जुट उत्पादनमा भने प्राथमिकता दिइएको छैन । यसको फाइदा उठाउँदै अन्य मुलुकले कच्चा जुटको मूल्यमा अचाक्ली भाउ बढाउने गरेका छन् । बितेको वर्ष कच्चा जुट प्रतिकिलो २७ रुपैयाँले बढेपछि, चालू जुट उद्योग पनि बन्द गर्नुपर्ने अवस्थमा पुगेको थियो ।**

**नेपाली जुट मिलबाट उत्पादित ९० प्रतिशत सामग्री बाहिर निर्यात गरिन्छ । भारत, बङ्गलादेशलगायतका मुलुकहरू हाम्रा उपभोक्ता पनि हुन् । उपभोक्ताले मूल्य बढाएर दिन चाहँदैनन् । त्यहाँ पनि जुट मिलहरू छन् । त्यहाँका स्थानीय उद्योगले ढुवानी भाडा जति मात्रै भाउ कम गरेर दिंदा पनि उपभोक्ता प्रभावित हुन्छन् । यसो हुँदा मूल्य प्रतिस्पर्धा गर्न नेपाली जुट मिललाई गाह्रो छ । यदि उद्योगलाई चाहिए जति जुट स्वदेशमा उत्पादन भइदिएको भए, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नेपाली जुट उद्योगलाई सहज हुने थियो । यतिबेला कच्चा पदार्थ र उत्पादन दुवैको मूल्य नेपाली उद्योगको हातमा छैन । हाम्रो मधेस र भित्री मधेसका प्रायः सबै जिल्लामा जुटखेती हुन्छ । मोरङ, सुनसरी र झापा जिल्लाको प्रमुख बाली जुटखेती थियो । पछिल्लो समय घट्दै गएको छ । तीन जिल्लामा ६० हजार हेक्टरमा जुटखेती गरिन्थ्यो, अहिले करीब चार हजार हेक्टरमा मात्र सीमित भएको छ । जनशक्तिको अभावमा जुटखेती पलायन भएको हो । जनशक्तिमा लगानी पनि बढी थियो । रोपनी, कटनी र प्रशोधनका लागि मेशीन उपकरणको प्रयोगतर्फ लाग्ने हो भने जनशक्ति आवश्यक पर्दैन र स्वतः लगानी घट्छ । कृषकले माग गर्दा पनि सरकारी तवरबाट जुटको बीउबिजनसमेत उपलब्ध हुन सकेन । अन्य सहुलियत र** [redacted]

# वैदेशिक रोजगारमा आकर्षण : रहर कि बाध्यता ?

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**

**दीर्घकालीन र सन्तुलित आर्थिक नीति निर्माण गरेर विकासको आधार तयार गर्नु । यसका लागि आत्मनिर्भर हुने सबै क्षेत्रमा आफ्नै उत्पादन हुनुपर्दछ । खेतीपाती, उद्योगधन्दा सम्पूर्ण कुरामा आत्मनिर्भर हुन जरुरी छ । यी उपायहरूले नेपालमा विकास र समृद्धिको मार्ग प्रशस्त गर्न सक्छ ।**

यतिबेला गाउँ–घर, शहर–बजार सबैतिर युवाविहीनता बढ्दै गएको देखिन्छ। बुढाबुढी र बालबालिकाहरू मात्रै समाजभित्र थुप्रिएको छ। भनिन्छ झन्डै एक करोडको हाराहारीमा युवाहरू वैदेशिक रोजगारमा गएका छन्। आखिर यति ठूलो सङ्ख्यामा युवाहरू विदेशिनु उनीहरूको रहर हो कि बाध्यता ?

हामी सबैले बुझेकै कुरा हो, कुनै पनि देशको मेरुदण्ड भनेको युवाहरू नै हुन् । युवाहरूलाई भविष्यको कर्णधार पनि भनिन्छ। कुनै पनि व्यक्ति आफ्नो घर–परिवार, समाज र देश छोडेर बाहिर जान चाहँदैन। किनभने बाहिर उसलाई न कोही माया गर्ने हुन्छ, न उसको भाषा र भावना नै कसैले बुझ्छ। त्यसकारण प्रत्येक व्यक्ति आफ्नै देशमैं बस्न चाहन्छ। तर जब देशमा रोजगारको अवसर हुँदैन, सुन्दर भविष्यको कल्पना गर्न सकिंदैन, चारैतिर अँध्यारो मात्र देखिन्छ, त्यतिबेला मानिस बाध्य हुन्छ, विदेशिनका लागि।

वैदेशिक रोजगारमा युवाहरूको चासो विभिन्न कारकले निर्धारण गर्दछ। धेरै युवाहरू राम्रो आर्थिक अवसर र जीवनस्तर सुधार्न वैदेशिक रोजगारलाई प्राथमिकता दिन्छन्, जुन उनीहरूकै आकाङ्क्षाको हिस्सा हो। तर कतिपय युवाहरूलाई देशमा रोजगारको कमी, अनिश्चितता र कम वेतनका कारण वैदेशिक रोजगार रोज्नुपर्ने बाध्यता पनि हुन्छ । वास्तवमा नेपाली युवाहरू विदेशिनुका केही प्रमुख कारण यस्ता छन्:

१. **अवसरको कमी**–झन्डै चार दशकदेखि आफ्नै देशमा राम्रो रोजगार र हातमुख जोड्ने अवसर नभएपछि युवाहरूले विदेश ताक्नु स्वाभाविक हो । निरन्तर बढ्दो बेरोजगारी र अवसरको कमीले युवाहरू विदेश गइरहेको देखिन्छ ।

२. **शिक्षा**–नेपाली शिक्षाको गुणस्तर ओरालो लाग्दा नेपाली युवाहरूको आकर्षण विदेशी शिक्षा हुन पुगेको छ। यस्तोमा उच्च शिक्षा र विशेष तालीमका लागि विदेशी विश्वविद्यालयहरूमा अध्ययन गर्न अत्यधिक मात्रामा विदेश नै जान चाहन्छन्।

३. **आर्थिक कारण**– एकातिर देशभित्र महँगी र बेरोजगार बढ्दै जानु, अर्कोतर्फ न्यूनतम आवश्यकताका सामग्री पनि पूर्ति गर्न धौ–धौ पर्ने हुँदा युवाहरूमा विदेशमा काम गरेर बढी आम्दानी गर्न सकिन्छ भन्ने मनोविज्ञान हुर्कंदै गएको छ। वैदेशिक रोजगारले परिवारको आर्थिक अवस्था सुधार्न मदत पुग्छ भन्ने मान्यता पनि राम्रैगरी विकसित भइरहेको छ ।

४. **जीवनस्तर**– यतिबेला नेपालमा दलाल पूँजीवादी व्यवस्थाले गर्दा सबै पेशा–व्यवसाय तथा सेवाका क्षेत्रहरू लुटको बजारजस्तै हुन पुगेको देखिन्छ तर विकासित देशमा जीवनस्तर र स्वास्थ्य सेवा राम्रो हुने भएकोले पनि युवाहरू विदेश जान चाहन्छन् ।

५. **राजनीतिक र सामाजिक स्थायित्व**–निरन्तर जारी राजनीतिक अस्थिरताले गर्दा सिङ्गो समाज दिक्क भएपछि युवाहरूले विश्वास गर्ने न कुनै पार्टी देखिन्छ, न कुनै राजनीतिक प्रणाली । यस्तो राजनीतिक अस्थिरता र सामाजिक समस्याहरूले गर्दा युवाहरू अन्यत्र बसाइँ सर्न चाहन्छन् । यस्तोमा उनीहरूको प्राथमिकता वैदेशिक रोजगार नै देखिन्छ।

हुनत नेपालमा उद्योग–धन्दा नभएको होइन। कुनै समय नेपालमा पनि प्रशस्त उद्योग–धन्दाहरू थिए । त्यसबाट धेरै रोजगार पनि सिर्जना भएको थियो । त्यतिबेला नेपाल विदेशमा अन्नदेखि लत्ता–कपडा र थुप्रै औद्योगिक वस्तुसमेत निर्यात गर्थ्यो। तर के कारणले गर्दा नेपालको उद्योग–धन्दाहरू धराशायी हुन पुगे ? त्यसबारे पनि केही चर्चा गरौं :-

**नेपालमा उद्योगधन्दा बन्द हुने केही प्रमुख कारणहरू**

१. **राजनीतिक अस्थिरता**– हामी सबैलाई थाहा छ आजसम्म नेपालमा कुनै पनि सरकार पाँच वर्ष चलेको छैन। लगातार राजनीतिक सङ्कट र परिवर्तनहरूले उद्योगहरूको विकासमा बाधा पुगेको छ। शासकहरूको फजुल खर्ची ऐश–आरामको जिन्दगी तथा श्रम र श्रमिकप्रति उपेक्षा भाव यस्ता तत्त्व हुन् जसले नेपालमा उद्योगधन्दा बन्द गर्न तथा विदेशी दलाल पूँजीपतिहरूको कमिशनमा रमाउन र उनीहरूको दलाली गर्न सिकाएको छ।

२. **लगानीको कमी**– राजनीतिक स्थिरता नहुँदा तथा शासकहरू निरन्तर विदेशी शक्ति राष्ट्रहरूको दलालमा रूपान्तरित हुँदा यिनीहरूको विश्वसनीयता गुम्दै गएको हो। यस्तो अवस्थामा राजनीतिक स्थिरता नहुँदा र विश्वसनीयताको कमीले स्वदेशी र विदेशी लगानी कम भएको छ।

३. **संरचनाको कमी**– आधारभूत पूर्वाधारहरू नहुनु पनि यहाँका उद्योगधन्दा धराशायी हुनुको एक कारण हो। यथेष्ट सडकमार्ग, बिजुली र पानीको सुविधा नहुनु उद्योगको विस्तारमा अवरोध हो।

४. **नियम र कानून**– भनिन्छ नेपालको कानून दैव नै जानुन्। अर्थात् स्वदेशी उद्योगपति राष्ट्रिय पूँजीपतिको हक हितमा नेपालका शासकहरूले कहिले पनि कानून बनाएनन्। जहिले पनि विदेशी दलालहरूलाई पोस्ने काम गर्दा जटिल र बदलिंदो नियमका कारण उद्योग सञ्चालनमा कठिनाइ भइरहेको छ।

५. **कर्मचारीको अभाव**–राजाको काम कहिले जाला घाम भन्ने उखानलाई नेपालका शासकहरूले जहिले पनि चरितार्थ गर्ने गरेकाले कर्मचारी तथा श्रमिक वर्गमा पनि त्यो मनोविज्ञान बढ्दै गएको देखिन्छ । फलस्वरूप राष्ट्रको हितमा काम गर्ने भावनाको कमी सर्वत्र देखिन्छ। प्रशिक्षित श्रमिकको कमी र उच्च वेतनको अपेक्षाले उद्योग सञ्चालनमा चुनौती पुर्‍याएको छ।

६. **बजारको प्रतिस्पर्धा**–भारतीय सरकारद्वारा अनावश्यक झन्झट उत्पन्न गराइँदा नेपाली उत्पादन निर्यात गर्न गाह्रो तर भारतीय वस्तु सजिलै नेपाल भित्रिने अवस्थाले नेपालका उद्योगहरूलाई धराशायी बनाएको हो। आयातमा वृद्धि र प्रतिस्पर्धा बढ्नुका कारण स्वदेशी उत्पादनमा असर परेको छ।

७. **संस्थागत भ्रष्टाचार**– नेपाल सरकारको तलदेखि माथिसम्म, गाउँदेखि सिंहदरबारसम्म संस्थागत भ्रष्टाचार हुर्केको छ। भ्रष्टाचारले नेपालका उद्योग–धन्धाहरू चौपट हुनमा सघाएको देखिन्छ।

संसारमा कुनै पनि देश जबसम्म आफ्नो खुट्टामा उभिँदैन नागरिकका लागि स्वरोजगारको व्यवस्था गर्दैन, विज्ञान र प्रविधिको अधिकतम प्रयोग सम्पूर्ण क्षेत्रमा गर्दैन, तबसम्म त्यस देशको विकास असम्भव छ। त्यसैले आत्मनिर्भरताको बाटोमा नेपाली समाजलाई अगाडि बढाउन निम्नलिखित कामहरू गर्न आवश्यक छ -

१. **शिक्षा र तालीम**–आत्मनिर्भर बनाउनका लागि राम्रो शिक्षा र व्यावसायिक तालीम आवश्यक छ, जसले दक्षता र सीप विकास गर्न मदत गर्छ।

२. **स्थानीय उत्पादन**–स्थानीय स्रोत र कच्चा पदार्थको उपयोग गरेर उत्पादनमा ध्यान दिनु, जसले रोजगार र आर्थिक वृद्धि बढाउँछ।

३. **समुदाय र सहकार्य**– स्थानीयस्तरमा सहकारी र समूह निर्माण गरेर सामूहिक विकासमा ध्यान केन्द्रित गर्नु।

४. **साना व्यवसायमा लगानी**– साना र मझौला उद्योगको विकासमा लगानी गरेर स्थानीय अर्थतन्त्रलाई सशक्त बनाउनु।

५. **विपणन र वितरण सञ्जाल**–उत्पादनको प्रभावकारी विपणन र वितरणका लागि च्यानलहरूको विकास गर्नु आवश्यक छ।

६. **सरकारको समर्थन**–वर्तमान सरकार दलाल पूँजीपतिहरूको दलाली गर्न तल्लीन भएको हुनाले उद्योगधन्दा चौपट हुन पुगेको हो। यसर्थ नीति र कार्यक्रममार्फत सरकारको सक्रिय सहयोग र प्रोत्साहन आवश्यक छ।

७. **आवश्यकता र खोजी**–बजारको आवश्यकता बुझेर नवीनतम उत्पादन र सेवाहरूको खोजी गर्नु।

नेपाली जनताले तथाकथित कम्युनिस्ट पार्टीहरूलाई झन्डै दुईतिहाई मत दिएर जिताउँदा पनि स्थिर सरकार बन्न सकेन, किन ? आउनुस् यसबारे थोरै चर्चा गरौं–

**नेपालमा अस्थिर सरकार बन्नुको प्रमुख कारणहरू यस्ता छन् -**

१. **राजनीतिक विभाजन**–विभिन्न पार्टी र विचारधाराबीचको असहमति र प्रतिस्पर्धाले स्थिर सरकार गठनमा बाधा पुर्‍याउँछ।

२. **संविधानको कार्यान्वयन**–नयाँ संविधानको कार्यान्वयनमा समस्या र विवादले राजनीतिक अस्थिरता निम्त्याएको छ।

३. **जातीय र क्षेत्रीय मुद्दा**–जातीय र क्षेत्रीय असन्तोष र मागहरूले पनि राजनीतिक स्थिरता प्रभावित गरिरहेका छन्।

४. **बेरोजगारी र आर्थिक समस्या**–सामाजिक र आर्थिक समस्याहरूले जनताको असन्तोष र सरकारप्रति विश्वास घटाउँछ।

५. **संशोधन र गठबन्धन**–पार्टीहरूबीच बारम्बार गठबन्धन र तिनको निरन्तर परिवर्तनले स्थिरता गुमाएको छ । पार्टीहरूले बारम्बार गठबन्धन भने पनि जनताको लागि ठगबन्धन मात्रै हो । यिनीहरूको अप्राकृतिक मिलनले निम्त्याउने भनेकै राजनीतिक अस्थिरता हो।

६. **बाह्य प्रभाव**–अन्तर्राष्ट्रिय चासो र दबाबले पनि आन्तरिक राजनीतिक परिदृश्यलाई प्रभावित पारेको छ।

अब कसरी नेपाली समाज विकासको बाटोमा जाला ? वैज्ञानिक समाजवाद मात्रै विकल्प देखिन्छ । जसको लागि निम्न कामहरू गर्न जरुरी छ –

१. **शिक्षामा सुधार**– गुणस्तरीय शिक्षा र व्यावसायिक तालीम प्रदान गरेर मानव संसाधनको विकास गर्नु।

२. **आवश्यक पूर्वाधार**–सडक, बिजुली, पानी र सञ्चार प्रणालीमा लगानी गरेर आधारभूत संरचना विकसित गर्नु।

३. **साना उद्योग र व्यवसाय**– साना र मझौला उद्योगको प्रवर्द्धन गरेर रोजगार सृजना गर्नु।

४. **कृषि सुधार**– आधुनिक कृषि प्रविधि प्रयोग र कृषकलाई प्रशिक्षण प्रदान गरेर कृषि उत्पादन वृद्धि गर्नु।

५. **नवप्रवर्तन र प्राविधिक विकास**–नवप्रवर्तनमा लगानी गरेर नयाँ प्राविधिक समाधानको खोजी गर्नु।

६. **सामाजिक न्याय र समावेशिता**–सबै वर्ग र समुदायलाई विकास प्रक्रियामा समावेश गरेर सामाजिक न्याय सुनिश्चित गर्नु।

७. **सरकारको पारदर्शिता**–राम्रो शासन र पारदर्शी नीतिहरूले जनताको विश्वास र सहयोग बढाउँछ।

८. **आर्थिक नीति**– दीर्घकालीन र सन्तुलित आर्थिक नीति निर्माण गरेर विकासको आधार तयार गर्नु। यसका लागि आत्मनिर्भर हुने सबै क्षेत्रमा आफ्नै उत्पादन हुनुपर्दछ। खेतीपाती, उद्योगधन्दा सम्पूर्ण कुरामा आत्मनिर्भर हुन जरुरी छ। यी उपायहरूले नेपालमा विकास र समृद्धिको मार्ग प्रशस्त गर्न सक्छ।

# साताभर मनसुनी वायुको प्रभाव, धानलाई असर पर्ने सम्भावना

काठमाडौं, ४ असोज/रासस

जल तथा मौसम विज्ञान विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाले साताभर मनसुनी वायुको प्रभाव रहने जनाएको छ । आगामी बिहीवारसम्म देशको हिमाली, पहाडी क्षेत्रमा आंशिकदेखि साधारणतया बदली तथा तराई क्षेत्रमा साताको शुरूमा आंशिक बदलीदेखि मुख्यतया सफा, मध्य र अन्त्यमा आंशिक बदलीदेखि साधारणतया बदली रहने सम्भावना रहेको महाशाखाले जनाएको हो ।

"साताको मध्य र अन्त्यमा देशका तराई भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। साताको शुरूमा देशका हिमाली तथा पहाडी भूभागका एक/दुई स्थानमा मध्यम र अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै साताको अन्त्यमा कोशी, बाग्मती, गण्डकी, कर्णाली र सूदूरपश्चिम प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा वर्षाको सम्भावना रहेको छ," महाशाखाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "देशका अधिकांश स्थानमा साताको अन्त्यमा तापक्रम घट्ने सम्भावना छ।"

महाशाखाको मौसमविद् प्रतिमा मानन्धरले आगामी आइतवारसम्म मुलुकका विभिन्न स्थानमा हल्का, मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको र त्यसपछि सुधार हुँदै जाने बताइन्। कृषि तथा पशुपक्षी मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले सुदूरपश्चिमका कैलाली, कञ्चनपुर, बर्दिया, बाँकेतिर धान पाकिसकेकाले यदि ठूलो वर्षा भएमा धानलाई क्षति पुग्न सक्ने बताए । "त्यस क्षेत्रतिर जेठ मध्यबाट रोपाइँ शुरू हुन्छ, अब धान थन्काउने बेला भइसक्यो," उनले भने, "अहिलेको वर्षाले धान झर्ने, पाकेको बाली समयमा थन्काउन नपाएमा उत्पादन घट्ने समस्या हुन सक्छ।"

उनले यस वर्ष मनसुन सुखद रहँदा धान उत्पादन पाँचदेखि सात प्रतिशतसम्म बढ्न सक्ने बताएका छन्। "यो वर्ष ९९ प्रतिशत हाराहारीमा रोपाइँ भएको छ, यस कारण उत्पादन करीब डेढ लाख मेट्रिक टनसम्म हुने अपेक्षा छ," उनले भने, "तर धान भित्र्याउने बेलामा मौसमले साथ दिनुपर्छ।"

कृषि मन्त्रालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा धानको कुल उत्पादन अघिल्लो आवभन्दा चार दशमलव ३३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार २३४ मेट्रिक टन पुगेको थियो । जुन विगत चार वर्षको औसत उत्पादनको तुलनामा पाँच दशमलव ०८ प्रतिशतले बढी हो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका



# ‘फेरि नफर्किने ती दिनहरू’मा बरालिंदा

स्वान्त सुखायः



सञ्जय मित्र
mitrasanjay41@gmail.com

गोपाल अश्कसित मेरो घरमा आइपुग्नु हुँदा विनयराज गौतमजीले आफ्नो पहिलो किताब मलाई दिनुभएको बारे सोध्नुभयो। मैले मनमनै किताब पाएको कुरा सम्झिने प्रयास गरें तर सम्झना भएन। उहाँको बोलीमा दृढता थियो । अनि मैले झूटो बोल्दै भनें- हो मैले पाएको छु । मेरो बोलीमा दम थिएन। तर पनि पत्याउनुभएछ ।

वीरगंजमा गोपाल अश्कलाई नारायणी वाङ्मय पुरस्कार प्रदान गर्न आयोजित कार्यक्रममा उहाँसित सल्लाह गरें- भोलि विमोचन हुने किताब सुटुक्क दिनुहोस्। समीक्षकलाई पहिले दिंदा पनि हुन्छ । यस्तो चलन छ ।

कार्यक्रम सकिएपछि उहाँले दुईटा पुस्तक मलाई दिनुभयो- मृत्युको छहारीमा र फेरि नफर्किने ती दिनहरू । उहाँको पहिलो पुस्तक अझै पढिसकेको छैन । समय मिलाएर पढ्नेछु किनभने उहाँको रचना पढ्दा समय खेर गएको लाग्दैन। समयको लगानी उठ्छ ।

मैले वचन दिएबमोजिम पहिले पढें दोस्रो कृति- फेरि नर्फिकिने ती दिनहरू ।

अहिले सम्झना छैन- गौतमजीसित मेरो भेट कहिले भएको थियो तर हामी पूर्वपरिचित हौं । अहिलेसम्म उहाँका प्रकाशित दुवै पुस्तक मसित छन्। मैले उहाँको दोस्रो कृति पहिले पढेर दुई शब्द कोर्दैछु ।

‘फेरि नफर्किने ती दिनहरू’ शीर्षक हेर्दा बितेका दिनहरू केही बढी प्रिय भएको जस्तो लाग्छ । जे हातबाट गइसक्यो, त्यो प्यारो हुन्छ । तर यसको सोझो जवाफ छ- भविष्यका दिन पनि फर्केर आउँदैनन्, वर्तमानका दिनहरू पनि फर्किदैनन्। कुनै पनि दिन दोहोऱ्याएर आएको हुँदैन । हो, विगतलाई सम्झेर रमाइला क्षणहरूमा रमाउँछौं, पीडाका क्षणहरू सम्झेर पीडित बन्छौं । यस कृतिको प्रकाशन तन्नेरी प्रकाशन काठमाडौंले गरेको छ। ‘फेरि नफर्किने ती दिनहरू’लाई संस्मरण सङ्ग्रह भनिएको छ तर यसमा केही नियात्रा पनि छन् । २०८१ (असार)मा पहिलो संस्करण प्रकाशित छ । कृतिको मूल्य भने ९०० अलि चर्को लागिरहेको छ । यद्यपि कुनै पनि कृतिको मूल्य भने त्यस कृतिको भौतिक तौलको आधारमा होइन, त्यसमा परेको वास्तविक लागतको आधारमा हुनुपर्छ ।

कृतिको पहिलो रचना ‘सात्विक भोजन’को स्वाद ज्यादै नमीठो रहेछ । सुनाइ र बुझाइमा हुने पृथक अर्थबोधले परेको मर्का नमीठो रहेछ। हास्यरसको उत्पत्ति त हुन्छ तर गम्भीर प्रश्न पनि उब्जन्छ। ‘एउटा अविस्मरणीय यात्रा’ छात्रावासमा बस्दाको समयको साँच्चिकै रोचक र अविस्मरणीय यात्रा हो। ‘म ब्राह्मण हुँ, हिन्दू होइन’ शीर्षकको संस्मरणले त्यो जमानामा पनि धर्म परिवर्तन गर्ने तथा संस्कृति रक्षा गर्नुपर्छ भन्नेहरूबीचको प्रसङ्ग रोचक शैलीमा प्रस्तुत भएको छ ।

‘वीरगंजमा विद्यार्थी जीवन’मा एक विद्यार्थीले डेरामा बसेर घरभन्दा बाहिर पढ्नुपर्दाको अवस्थाको वर्णन यसमा रहेको छ। ‘मर्नबाट जोगिएको दिन’ मा एउटा दुर्घटनामा परेको विवरण रहेको छ। अलिकति आध्यात्मिक वा आस्तिक भावलाई यसमा प्रस्तुत गरिएको छ। ‘म त्यहीं गाउँको हुँ’ जम्मा तीन अनुच्छेदमा रचित उत्सुकतापूर्ण शैलीको प्रयोग गरी लेखिएको निबन्ध हो। यसमा झुक्याएर काम गर्ने तरीकाप्रति नमीठो भाव उमारिएको छ। ‘हृदय मृत्युसँग लडिरहँदा’ शीर्षकको संस्मरणमा करुण रस पर्याप्त छ। दाजुसित सम्बन्धित भएर लेखिएको यस निबन्धको अन्तमा भने केही सन्तोषजनक वाक्यहरू परेका छन्। ‘पदीय जिम्मेवारी’ संस्मरणले मनमा एक किसिमको आक्रोश र क्षोभ उत्पन्न गराउँछ । ‘अनुमति बदर’ वैचारिक दृष्टिकोणले उत्कृष्ट निबन्ध हो। ‘श्रीमती हराउँदा’ शीर्षकले दशैंको मेलामा लेखककी पत्नी केहीबेर ओझेल हुँदा भएको समस्या र तनावलाई चित्रण गरेको छ। भयावह परिवेशमा ‘ज्वालाजीको दर्शन’ गरिएको रोचक प्रसङ्गको वर्णन छ ।

‘पहिरोमा घेरिंदा’ रोचक संस्मरण हो । जागीरको क्रममा गर्नुपरेका यात्राहरूमध्ये यस यात्रा संस्मरणमा उत्सुकता र भय एकसाथ बग्छ। करीब तीन दशक पहिले गरिएको यो ‘झरीमय यात्रा’ चाहिं अझ भयावह परिस्थितिको वर्णन गर्ने संस्मरण हो । कार्यालयको काममा हाकिमको अत्यधिक विश्वास हुँदा वा अत्यधिक इमानदारीपूर्वक काम गर्दा विश्वासले




पाइने दुःखको फेहरिस्त पनि यसका छन्। अहिले अलिक कम भएको छ, हैन भने जातजातिमा हुने भेद त पहिले पनि थियो। शिक्षितहरूले पनि जातजातिमा गर्ने भेदको नमीठो संस्मरण ‘जातको पनि जात’ हो। विवरणात्मक शैलीका लेखिएको संस्मरण हो ‘पिताजी आमासँग तीर्थयात्रा’ । भारतको विभिन्न प्रमुख तीर्थस्थलहरूको गरिएको यात्राको विवरण रोचक शैलीमा प्रस्तुत गरिएको छ ।

‘योग्यतामाथि प्रश्नचिह्न खडा हुँदा’ अन्तर्मनदेखि आवेग आउनु स्वाभाविक हो । एक अस्पतालमा पिताजीको उपचारको क्रममा रहँदा एक बिरामीले देखाएको आत्मीयताले द्रवीभूत ‘फेरि भेट हुन सकेन’ संस्मरण जति मार्मिक छ, त्यत्ति नै संवेदनशील पनि। मानिसलाई मृत्युको आभास शायद पहिले नै हुँदोरहेछ भन्ने कुरो यसमा देखाइएको छ। बुबाको ‘दुर्घटनाको खबर पाउँदा’ संस्मरणमा एक असल अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका नायकले निर्वाह गरेको प्रमाण हो भने ‘सम्झनामा पिताजी’ शीर्षक निबन्धमा शीर्षकानुकूलकै विषयवस्तु रहेको छ। पिताजीसितका अनेक रोचक, मार्मिक तथा सन्देशमूलक स्मृतिहरूलाई यसमा समेटिएको छ । आमालाई गुमाएको मार्मिक सन्दर्भ रहेको संस्मरण हो ‘ऊ आफैं बिरामी छ’। छोरो बिरामी हुँदाको अवस्थाको ‘भाषाको कमाल’ संस्मरणमा भाषाले परदेशमा पनि आफन्त पाइँदो रहेछ भन्ने सिकाएको छ।

‘यो कस्तो राष्ट्रियता’ वैचारिक संस्मरण हो। ऋतिक रोशन काण्डदेखि मधेस आन्दोलनसम्मको नमीठा अनुभूतिहरू यसमा समेटिएका छन् । दर्जनौं प्रश्न यसमा रहेका छन् । ‘अमेरिकाको यात्रामा भेटिएका दाजु–भाउजू’ संस्मरण मानवताले भरिएको निबन्ध हो। गेस्ट हाउसका सञ्चालकलाई पतिपत्नीलाई दाजुभाउजू सम्बोधन गरिएको यो संस्मरण यस कृतिको निकै मूल्यवान् रचना हो। अमेरिका बसाइँको संस्मरण ‘धन्यवाद छ कालो शुक्रवार’मा संस्मरणकारले अमेरिकाको एउटा संस्कृतिप्रतिको धारणा प्रस्तुत गर्नुभएको छ। धन्यवाद दिवस र कालो शुक्रवार संस्कृतिको परिचय यसमा पाइन्छ । ‘सुन्दरीजलको सुन्दर यात्रा’मा पनि संस्मरणकारका गन्थन पर्याप्त छन् । कृतिको अन्तिम रचनाको रूपमा रहेको छ ‘कहिल्यै बिर्सन नसकिने मिलन’मा पहिलो वाक्य असान्दर्भिक छ। शीर्षकले नमागेको प्रसङ्ग गाउँले काकाको पनि हो। दशैंको समयमा घरमा सम्पूर्ण परिवारको मिलन भएको कुरो यसमा वर्णित छ।

प्रस्तुत ‘फेरि नफर्किने ती दिनहरू’ संस्मरणात्मक निबन्ध सङ्ग्रहलाई अनुभवको सङ्कलन मान्न सकिन्छ। कैयौं दशक पुरानादेखि निकट भूतसम्मका संस्मरणलाई समेटेर संस्मरणकार गौतमले आफूभित्र रहेका स्मृतिका पेटाराहरू खोल्नुभएको छ । मनमा लुकेर बसेका अनेक भावलाई प्रस्तुत गर्नुभएको छ । आफ्नो परिवार तथा समाजलाई धेरै उपयोगी सामग्री सदाका लागि सङ्कलन गरेर राख्नुभएको छ। आत्मगन्थन तथा तद्युगीन परिवेशको वार्तमानिक मूल्याङ्कन र लेखकको संयमता पनि कृतिमा देख्न सकिन्छ ।

कृतिकार गौतमको संस्मरण लेखनशैली वर्णनात्मक छ। सरल प्रवाहमा स्मृतिका छालहरूलाई अवतरण गर्नुभएको छ । कतिपय ठाउँमा स्थानीय भाषा र उखानको उपयोग गर्नुभएको छ। आफ्नो मौलिक शैलीमा विषयवस्तुको प्रस्तुति गर्नुभएको छ। कतिपय ठाउँमा राखिएको संवादले संस्मरणलाई जीवन्त तुल्याएको छ । प्रस्तुत सङ्कलनमा कतिपय शुद्ध संस्मरण छन् भने कतिपय चाहिं नियात्रा पनि बन्न पुगेका छन् ।

नियात्राहरूमा पाठकलाई सँगसँगै डोऱ्याएर लैजान सक्ने अवस्था अलिक लोभलाग्दो हुन सकेको छैन । सरलता, रोचकता, उत्सुकता संस्मरणकार गौतममा पाइने मुख्य विशेषता हुन् भने सङ्ग्रहकै आधारमा लेखक सहनशील, आत्मसंयमी र कर्मठ तथा सङ्घर्षशील हुनुहुन्छ । निवृत्त जीवनलाई सिर्जनामय बनाइरहनुभएका आदरणीय सर्जक विनयराज गौतमको आगामी सिर्जना अझ पठनीय भएर आओस् भन्ने शुभकामना छ।

# अल्जाइमर : केही जानकारी

विश्व अल्जाइमर दिवस विशेष



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**अल्जाइमर रोगको लागि कुनै निश्चित उपचार छैन । चिकित्सकहरूले सामान्यतया स्मरण–क्षय र मस्तिष्कका अन्य कार्यहरू व्यवस्थापन गर्ने तरीका सिकाउँछन् । नियमित शारीरिक व्यायाम, सामाजिक र बौद्धिक गतिविधि आदिले रोगवृद्धि नियन्त्रण गर्न सकिन्छ ।**

अल्जाइमर (AHLZ–high–merz) एउटा मस्तिष्क–रोग हो, जसले स्मृति, सोच र व्यवहारमा समस्या निम्त्याउँछ। यो वृद्धावस्थाको लक्षण भने होइन ।

अल्जाइमर समयसँगै खराब हुँदै जान्छ। यद्यपि लक्षणहरू व्यापकरूपमा भिन्न हुन सक्छन् । यसले निम्त्याउने पहिलो समस्या हो- धेरै मानिसहरू बिर्सन्छन्। यो रोगले गाँजेपछि व्यक्तिले आफूलाई सम्हाल्नै सक्दैन, उसलाई कुनै चीजमा चाख हुँदैन ।

रोग लागेको व्यक्ति अलमलमा पर्नु, परिचित ठाउँमैं हराउनु, गलत ठाउँमा चीजहरू राख्ने वा भाषा राम्ररी बुझ्न नसक्ने, मनोभाव व्यक्त गर्न असमर्थ हुन्छन्।

७० वर्षको काठमाडौं निवासी भानु ढकाललाई उनको प्राथमिक हेरचाह गर्ने चिकित्सकले औषधिले प्रतिक्रिया नगर्दा र डिप्रेशनको लक्षण देखिएपछि मनोचिकित्सककहाँ रेफर गरेका थिए। ढकालकी नातिनीका अनुसार पत्नी बितेको केही वर्षपछि ६० वर्षको उमेरमा उनको व्यवहारमा परिवर्तन आउन थाल्यो। उनले दशकौंदेखि रमाइलो गरेको नेपाली बोर्ड गेम, बाघचाल खेल्न छाडेका थिए। उनले अब घरबाट बाहिर निस्कन चासो राख्न छाडे । सामाजिकीकरण गर्न अस्वीकार गर्न थाले । बरु उनी दिनभर सोफामा बस्ने र टिभी हेर्ने अनि सुत्ने गर्न थाले । सामान्य ७–८ घण्टा सुत्नुपर्नेमा करीब १०–१३ घण्टा सुत्थे ।

जागीरबाट अवकाश र पत्नीको निधनले ढकाललाई निराश बनायो भन्ने चिन्ता पारिवारिक सदस्यहरूलाई भयो। त्यसपछि उनीहरूले आफ्नो प्राथमिक हेरचाह चिकित्सकलाई आफ्नो चिन्ता बताए र ढकाललाई एन्टिडिप्रेसेन्ट औषधि दिइयो । तर उनको स्वास्थ्यमा सुधार नभएपछि ढकाललाई अल्जाइमर्स भएको पत्ता लाग्यो। डा रमेश कँडेल भन्छन्– “अल्जाइमर मस्तिष्कको प्रगति बिग्रने रोग हो, जसले पछिको उमेरमा व्यक्तिको स्मरणशक्ति र व्यवहारमा असर पार्छ। न्युरोन्स क्षय हुन थाल्छ, र व्यक्ति बिर्सन थाल्छ र उमेरसँगै यो बढ्दै जान्छ ।” डा कँडेल नेपालमा पहिलो दर्ता भएका जेरियाट्रिशियन (वरिष्ठ नागरिक विशेषज्ञ) र डिमेन्सिया विशेषज्ञ हुन् ।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका अध्यक्ष छत्र प्रधानले अधिकांश नेपालीले अल्जाइमरलाई बुढेसकालमा आउने समस्या मात्रै ठान्छन् । “यसैले गर्दा अधिकांश नेपालीलाई यो रोगबारे थाहा छैन”–उनी थप्छन् ।

सेप्टेम्बरलाई विश्व अल्जाइमर महीना र सेप्टेम्बर २१ लाई विश्व अल्जाइमर दिवसको रूपमा मनाइन्छ। अल्जाइमर दिवस मनाउन थालिएको यो २८औं वर्ष हो । तर नेपालमा अल्जाइमरबारे जनचेतना जगाउने काम निकै कम भएको छ ।

डा कँडेलका अनुसार ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकमा अल्जाइमर्स हुने सम्भावना ४५ प्रतिशत हुन्छ भने ६५ देखि ७५ वर्षका व्यक्तिमा १० प्रतिशत हुन्छ। “चिकित्सा सन्दर्भमा अल्जाइमरको अवस्थालाई हल्का, मध्यम र गम्भीर अवस्था गरी तीन भागमा वर्गीकृत गरिएको छ”–डा कँडेल भन्छन्– “प्रारम्भिक चरणमा बिरामीहरूले क्रमशः स्मरणशक्ति गुमाउने, परिवारका सदस्य र साथीहरूलाई चिन्न गाऱ्हो हुने र काम गर्न पहिलेभन्दा धेरै समय लिने, वस्तुहरू हराउने वा गलत ठाउँमा राख्ने र योजना र सङ्गठित गर्न झन्झट बढ्दै जाँदा व्यवहार र व्यक्तित्वमा क्रमशः ऱ्हास आएको देख्न सकिन्छ ।

मध्यम अवस्थाका लक्षणहरू सामान्यतया घटना वा व्यक्तिगत इतिहास बिर्सनु, मूड वा पछि हटेको महसूस हुनु, विशेषगरी सामाजिक वा मानसिकरूपमा चुनौतीपूर्ण अवस्थामा आफ्नो ठेगाना वा टेलिफोन नम्बरजस्ता जानकारी सम्झन नसक्ने, अत्यधिक अन्योलमा बस्नु, दिउँसो सुत्ने र रातमा बेचैनी हुने, सामान्य गणितीय काम- पढ्न, लेख्न र व्यवस्थापन गर्न समस्या हुने, नयाँ कुरा सिक्न र काम गर्न समस्या हुने, दैनिक हिंड्डुलमा हराउने, एउटै कुरा दोहोऱ्याउने र शङ्का गर्ने र निद्राको बानीमा परिवर्तन हुने हुन्छ ।

तेस्रो वा गम्भीर चरणमा अल्जाइमरबाट पीडित बिरामीको अवस्था बिग्रँदै जान्छ र थप समस्याहरू देखा पर्छन्। खाना चबाउन–निल्न समस्या हुने, तौल घट्ने, आलस्य बढ्ने, निद्रा लाग्ने र दिसा नियन्त्रण गर्न नसक्ने क्रमिक समस्याका साथ निमोनियाबाट पनि पीडित हुन सक्छन् । स्मरण र संज्ञानात्मक (Cognitive Skills) सीपहरू थप घट्दै जाँदा बिरामीहरूलाई व्यापक चिकित्सकीय हेरचाह चाहिन्छ ।

कँडेलका अनुसार कोभिड–१९ को महामारीले वृद्धवृद्धालाई घरबाहिर हिंड्डुलमा रोक लगाएकाले अल्जाइमर्सको जोखिम बढेको छ। “उनीहरूको व्यक्तिगत र सामाजिक गतिविधि र अन्तर्क्रियामा प्रतिबन्ध लगाइएका हुनाले अल्जाइमरसँग सम्बन्धित जोखिमहरू बढेका छन्”– उनी बताउँछन् ।

परिवारका अन्य सदस्यले समस्या बुझेर सोही अनुसार काम गर्न सके यस रोगका बिरामीको पीडा कम हुने प्रधानले बताए । “बिरामीका परिवारका अन्य सदस्यहरूले रोगीको व्यवहारबाट हेय र निराश महसूस गर्नबाट जोगिन आवश्यक छ । बिरामीप्रति चासो र जिम्मेवारी देखाउँदा चिकित्सा उपचार र जीवन सजिलो बनाउन ठूलो परिवर्तन ल्याउन सकिन्छ”–उनी भन्छन् ।

अल्जाइमर रोगको लागि कुनै निश्चित उपचार छैन। चिकित्सकहरूले सामान्यतया स्मरण–क्षय र मस्तिष्कका अन्य कार्यहरू व्यवस्थापन गर्ने तरीका सिकाउँछन्। नियमित शारीरिक व्यायाम, सामाजिक र बौद्धिक गतिविधि आदिले रोगवृद्धि नियन्त्रण गर्न सकिन्छ ।

जीवनशैलीमा केही परिवर्तन गरेर पनि अल्जाइमरको जोखिम कम गर्न सकिन्छ । सामाजिक गतिविधिमा बढी सक्रिय हुनु र बौद्धिक अभ्यासमा संलग्न हुनुले मस्तिष्कका कार्यहरूलाई सक्रिय राख्न मदत गर्छ। रक्तसञ्चार प्रणाली स्वस्थ राख्न नियमित शारीरिक क्रियाकलापले पनि मस्तिष्कलाई सुस्त हुनबाट रोक्छ । “ताजा सागसब्जीको नियमित उपभोग र कम बोसो र कम चिनीयुक्त आहार पनि अल्जाइमर रोगको जोखिम कम गर्ने उपाय हुन्”–डा कँडेल बताउँछन् ।

अल्जाइमर डिमेन्सियाको सबैभन्दा सामान्य रूप हो । यो एउटा चिकित्सा शब्द हो, जुन दैनिक क्रियाकलापहरूमा सम्झने, सोच्ने र निर्णय गर्ने क्षमतामा कमजोरीका लागि प्रयोग गरिन्छ। यसले ६० देखि ७० प्रतिशत मामिलाहरूमा योगदान गर्छ । डब्लुएचओको तथ्याङ्क अनुसार विश्वभर करीब ५० करोड मानिस डिमेन्सियाबाट पीडित छन् र हरेक वर्ष १० करोड नयाँ मामिला दर्ता हुन्छन् । सन् २०२० सम्म डिमेन्सिया भएका व्यक्तिहरूको कुल सङ्ख्या ८२० मिलियन र २०५० सम्म १.२२ बिलियन पुग्ने अनुमान छ। यो चिकित्सा अवस्था निम्न र मध्यम आय भएका देशहरूमा सबैभन्दा बढी छ ।

“डिमेन्सिया गलतरूपमा बुझिएको अवस्था हो। धेरै मानिस यो बुढ्यौलीसँग सम्बन्धित सामान्य समस्या हो भन्ने विश्वास गर्छन् र लक्षणहरूको कुरा गर्दा स्मरणशक्ति ऱ्हास हुने रोग हो भनी सामान्यरूपमा लिएको पाइन्छ । वास्तविकता यो हो कि डिमेन्सिया त्यो अवस्था हो, जुन विभिन्न समस्याहरूका कारण बन्न सक्छ । सामान्यतया अल्जाइमरले मस्तिष्कका विभिन्न भागमा क्षति पुऱ्याउँछ”–प्रधान भन्छन् ।

नेपालमा अल्जाइमर्स एन्ड रिलेटेड डिमेन्सिया सोसाइटी र राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घले अल्जाइमर्सको निदानका लागि मानिसलाई मदत गर्दै आएका छन् । बिरामीका परिवारका सदस्यहरूलाई परामर्श र हेरचाहसम्बन्धी तालीम प्रदान गर्दै आएका छन् ।

सन् २०१३ मा सरकारले डिमेन्सियाका बिरामीलाई उपचारका लागि एक लाख रुपियाँ अनुदान उपलब्ध गराउने घोषणा गरेको थियो। अनुदान थोरै भएपनि रोग नियन्त्रणका लागि सरकारले चालेको यो पहिलो कदम हो– प्रधान भन्छन्।

तर अनुदान कार्यक्रममा आएका समस्यालाई डा कँडेलले औंल्याए। उनका अनुसार कार्यक्रम अन्तर्गतको उपचार केही स्वास्थ्य केन्द्रमा मात्रै उपलब्ध हुँदा देशभरका बिरामीको उपचार निकै असहज भएको छ । “अल्जाइमर्सजस्ता बुढ्यौली रोगसँग लड्न स्वास्थ्य पूर्वाधार र जेरियाट्रिक हेरचाहका लागि चिकित्सकीय जनशक्तिको विकास महत्त्वपूर्ण छ भन्ने कुरा पनि सरकारले बुझ्नुपर्छ”–डा कँडेल बताउँछन् ।

**उपचार र रोकथाममा नयाँ दिशा :**

बेटाअंय्लोइड (एउटा चिकित्सकीय अङ्ग्रेजी शब्द)को माध्यमबाट यस रोगलाई केही नियन्त्रण गर्न सकिन्छ कि भनेर अनुसन्धानकर्ताहरू लागिपरेका छन्। उपचारका लागि अन्य धेरै नयाँ दृष्टिकोण छन् । साथै विश्वभर अनुसन्धानको दायरा फराकिलो पारिंदै छ । यसको अनुसन्धानको लागि अमेरिका र अन्य धनी मुलुकहरूले ठूलो धनराशि खर्च गरिरहेका छन् । वैज्ञानिकहरूले केही आशावादी कुरा पत्ता लगाउन थालेका छन् ।

संतृप्त फ्याट कम भएको खाना खाने र फलफूल तथा हरियो सागसब्जीमा बढी जोड दिने, नियमित व्यायाम गर्ने र मानसिक र सामाजिकरूपमा सक्रिय रहन सके मस्तिष्कलाई बचाउन मदत पुग्न सक्छ ।

# अर्ती

(लघुकथा)



नवराज रिजाल

सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता
पुरस्कार/सम्मान : सुगन्ध लघुकथा पुरस्कार–२०५१, शिक्षकश्री पुरस्कार–२०५६, नारायणी वाङ्मय पुरस्कार–२०५७।

धूमपानमा सागरको लत बसेको थाहा पाएपछि पिताले खूब हकारे । इच्छा मुताबिक सजाय दिए। अनि कान रातो हुने गरी उठबस गराए। त्यसको अवगुणबारे लामो व्याख्यान दिंदै अब कहिल्यै नछुने शर्तमा सजायमुक्त गरे ।

त्यसपछि सागरले केही काल छोएन । गोठालो र घाँस–दाउरा जाँदासमेत साथीसङ्गीहरूको आग्रह र अनुरोधलाई निरन्तर अस्वीकार गरिरह्यो किनकि त्यस दिनका घटनाहरू ताजै थिए । उसको व्यवहारले साथीहरू आश्चर्यचकित बने तर आफूले पाएको सजाय र कबुलबारे सागरले सुइँकोसमेत दिएन ।

घटनाको केहीपछि पिताले बिंडी किन्न अह्राएपछि ऊ पसल पुगेर आयो। त्यो दिन कहीं जानुपरेन, भरदिन घरैमा बस्यो। एक्लै बसिरहनुपर्दा तलतल लाग्यो र खोज्दै जाँदा पिताको सिरानमा बिंडीको मुठो भेट्टायो। उसले अस्ति गरेका सम्पूर्ण वाचा बिर्सियो र मनमनै सोच्यो– नहुने भए किन पिताजीले ...?, फेरि किन्न मलाई नै पसल पठाउनुहुन्छ त ?

मनमा धेरै कुरा खेलायो, घरमा कोही पनि नभएको सम्झ्यो । सुस्त अगाडि बढेर बिंडीको मुठोबाट एउटा झिक्यो र निर्धक्कसँग सुईंसुईं तान्यो ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

जुन मानिस संसारबाट थाकेर वैरागी भएको छ, उसलाइ सौभाग्यशाली मानिस भन्नुपर्छ । उसले सबैथोक पाएर पनि केही नपाएको महसूस गर्न सक्यो । अब ऊ अन्तर्मुखी हुन तयार भएको छ। ऊ आज नभए भोलि, भोलि नभए पर्सि भित्रतिर अवश्य मोडिनेछ। दुर्भाग्यशाली त ती मानिसहरू हुन्, जसलाई यस्तो बुद्धि आएको छैन । उनीहरू अहिले पनि बाहिरको दौडधूपमा लागिरहेका छन् । उनीहरू अहिले पनि क्षुद्र चीजहरू प्राप्त गर्न चिन्तित छन् ।

संसारमा मन नलाग्नु सौभाग्यको कुरा हो । यसबाट यो पत्ता लाग्छ कि हामी अमरपुरका बासिन्दा हौं । हामी अमरपुरका बासिन्दा भएपनि अहिले संसारमा बसेका छौं । यहाँ हाम्रो मन लाग्नै सक्दैन। अहिले मात्र नभएर कहिल्यै पनि मन लाग्नेछैन। हामी हाम्रो संसारलाई जतिसुकै बदलौं, हामीले हाम्रो पहिलो भूल सुधार नगरुन्जेल केही हुनेवाला छैन । किनकि हामी यहाँका बासिन्दा हैनौं । हामी यस कुरालाई बुझौं र अन्तर्मुखी बनौं। अन्तर्मुखी नबनुन्जेल हाम्रो मनमा–घर राम्रो छैन, कार सानो छ, पति राम्रो छैन, पत्नी राम्री छैन भन्ने अनेकौं सवाल उठ्छन्। यी सबै भित्रतर्फ मोडिन आएका सङ्केत हुन् । यसैले कहिलेकाहीं हामीले निराशालाई पनि आशावादी दृष्टिकोणले हेर्नुपर्छ ।

हामीभित्र पनि केही छ भनेर हामीलाई कसैले भनेन। जब हामी साधु, सन्त वा सद्गुरुबाट इनरजर्नी वा अन्तर्यात्रा भन्ने जस्ता शब्द सुन्छौं, तब हामी अचम्मित हुन्छौं । हाम्रो मनमा प्रश्न उठ्छ, यो इनरजर्नी वा अन्तर्यात्रा भनेको के हो ? बाहिरको यात्रासँग त हामी परिचित छौं। हामीलाई थाहा छ, कहाँ जानको लागि कति बजेको फ्लाइट छ, कहाँ जान कति बजे गाडी चढ्नुपर्छ । सिमराबाट हवाईजहाजमा काठमाडौं गयौं भने कति बजे पुगिन्छ। कहाँ जानको लागि कसरी यात्रा गर्नुपर्छ, त्यो सबै हामीलाई थाहा छ। बाहिरी यात्राको ज्ञान हामीलाई छ। पदयात्रा गर्नुछ कि, पानीजहाजबाट यात्रा गर्नुछ कि, हवाइजहाजबाट यात्रा गर्नुछ अथवा रेलबाट यात्रा गर्नुछ । यात्राका लागि हजारौं साधन छन्, हजारौं गन्तव्य स्थान छन्। पदयात्रा गर्न पहाडतिर जानुछ कि, समुद्रको सैर गर्न जानुछ कि, तीर्थ यात्रामा जानुछ, बाहिरी यात्राबारे हामीलाई धेरथोर जानकारी छ ।

जब हामी अन्तर्यात्रा भन्ने सुन्छौं, तब हामीलाई अचम्म लाग्छ। हाम्रो मनमा अनेकौं प्रश्न उठ्न थाल्छन् । अन्तर्यात्रा भनेको के हो ? यसको समयतालिका के होला ? अन्तर्यात्रामा जाने साधन के होला ? अन्तर्यात्रा हुन्छ कि हुँदैन ? यस्तो प्रश्न उठ्नु स्वाभाविक पनि हो ।
सत्य स्वयंभित्र छ, सत्यको पहिचान गर्न कठिन छैन । तर यसको लागि हामीले आफैंभित्र यात्रा गर्नुपर्छ । कुनै व्यक्ति आफूभित्र जान्छ भने उसले आफ्नो प्राणको पनि प्राणमा त्यो सत्य पाउँछ र स्वयंलाई पनि पाउँछ ।

यस सन्दर्भमा ओशोले एउटा प्रसङ्ग उल्लेख गरेका छन्– पहिलो विश्वयुद्धमा एकजना फ्रान्सिसी सैनिक एउटा रेलवे स्टेशननजीकै अत्यन्त क्षतविक्षत स्थितिमा भेटियो । उसको अनुहारमा यति घाउ थियो कि ऊ को हो भनेर चिन्न कठिन थियो । उसलाई पहिचान गर्न पनि कठिनाइ भयो किनकि उसको मष्तिस्कमा चोट लाग्नाले उसले स्वयंलाई भुलिसकेको थियो। उसको स्मृति गइसकेको थियो। उसलाई तिमी को हौ ? भनेर सोध्दा उसले भन्थ्यो– मलाई म को हुँ ? कहाँबाट आएको हुँ, केही थाहा छैन । मैले सबै कुरा बिर्सिसकेको छु । यति भन्दै गर्दा उसको आँखाबाट आँसु झर्ने गर्थ्यो ।

त्यो मानिसलाई तीनवटा परिवारले हाम्रो परिवारसँग सम्बन्धित मानिस हो भनेर दाबी गरे । एउटा मानिस तीन परिवारसँग सम्बन्धित हुन सक्ने कुरै भएन। यसैले उसलाई क्रमैसँग तीनवटै गाउँमा लगेर छोडियो। दुईवटा गाउँमा ऊ अक्क न बक्क भएर उभिइरह्यो । तर तेस्रो गाउँमा लगेर छोड्ने बित्तिकै उसका आँखामा चमक आउन थाल्यो । उसको भावविहीन अनुहारमा पनि भावका लहरहरू आउन थाले। ऊ एउटा सानो बाटोबाट दौडिंदैदौडिंदै आफ्नो घरको आँगनमा पुग्यो । उसले आफ्नो घर चिन्यो । उसले आनन्दविभोर हुँदै भन्यो– यही मेरो घर हो, मलाई स्मरण आयो, मैले आफूलाई चिनें।

सबै मानिसलाई यस्तै भएको छ । हामीले आफैंलाई भुलिसकेका छौं कि हामी को हौं ? हाम्रो घर कहाँ छ ? आफ्नो घर देख्यौं भने हामी सहजै चिन्नेछौं । जुन मानिस बाहिरबाहिरको मात्र यात्रा गरिरहन्छ, ऊ कहिल्यै पनि आफ्नो गाउँमा पुग्न सक्दैन, जहाँ उसको वास्तविक निवासस्थान छ। त्यहाँ पुग्न नसकेको कारणले ऊ स्वयंसम्म पनि पुग्न सक्दैन, उसले आफूलाई चिन्न सक्दैन। बाहिर मात्र होइन, आफैंभित्र पनि यात्रा हुन्छ । जसले हामीलाई आफूसम्म पुऱ्याउँछ ।

पूर्व, पश्चिम, उत्तर, दक्षिण, तल र माथि गरेर बाहिर छ दिशा छन् । सातौं दिशा आफूभित्र तिरको हो। तर सामान्यतया संसारमा यस दिशाबारे कुनै चर्चा हुँदैन । यसको चर्चा अध्यात्ममा मात्र हुन्छ। किनकि संसार बहिर्मुखी छ, अध्यात्म अन्तर्मुखी छ ।

निश्चितरूपमा हामीले अन्तर्यात्रा गर्नुपर्छ। हामी आफ्नो भित्र जानुपर्छ। हामीले हाम्रो अन्तर्आत्मा तथा आफ्नो निवासस्थान खोज्नुपर्छ । त्यो अन्तर्आकाशलाई जानेर 'म को हुँ' भन्ने कुरा पनि जान्नुपर्छ ।

क्रमशः

# अर्की सीता

कथा



डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

मायाका तीन छोरा थिए । किशोरावस्थामा एउटा छोरा रामचन्द्र सन्निपातले परलोक भयो। घरमा दुःखको ओइरियो । तर जे भएपनि मान्छेलाई निद्रा, भोक र यौनले कहाँ छोड्छ ? मायाले सोचिन् मरेको छोराको पुनर्जन्म गराउँछु। तर एकपछि अर्को तीन छोरी जन्मे । यिनैमध्ये कान्छीको नाम थियो सीता । गोरी चिटिक्क परेकी गुडिया सत्यनाराणको कथाकी कलावतीसरी बढ्न थालिन् । तरुनी भएपछि उनको सुन्दरता साक्षात् सीताजस्तो भयो । मानिस हेरेकोहेऱ्यै हुन्थे। उसको देहयष्टि लाग्थ्यो भगवानले फुर्सदमा गढेको संगमरमरको स्निग्ध मूर्ति हो। तर अति सुन्दर भएर पनि निरक्षर रहिन्। त्यस जमानामा छोराहरू त अक्षर चिन्ने भएपछि हलो–कुदालो चलाउन थाल्थे । छोरी जातको के औकात ? पाठशालाको मुख पनि हेर्न पाइनन् सीताले, न त्यहाँ नजीक कुनै पाठशाला नै थियो। त्यसमाथि उनको परिवार गाउँभरिमा उपद्रवी मानिन्थ्यो। माया धनाढ्य घरानाकी थिइन् । मधेसमा धनाढ्य घरानाका आईमाई अहङ्कारी नै हुन्छन्। त्यो अहङ्कार सीतामा पनि देखिन्थ्यो। एक त अप्रतिम सुन्दरी, त्यसमाथि अहङ्कारको मिश्रणले सीता हरदम सातौं आकाशमा हुन्थिन् । कुनै पनि युवक उनी नजीक पुग्न डराउँथ्यो। त्यसैले सीता सीताकी जस्तै अक्षतयौना थिइन् ।

तरुनी भएपछि आमाबुवालाई सीताको बिहेको चिन्ताले सताउन थाल्यो। मधेसमा यस्तो बेला अहङ्कार र आडम्बर प्रदर्शन गर्न र बैरीलाई जलाउने मौका कसैले चुक्दैन। केटी सुन्दर छे भने बिहे खर्च केही हलुका हुन्छ ।

सीतालाई हेर्न आउनेले मन नपराउने कुरै थिएन। सीताको मावलीको टाढाको सम्बन्धमा रहेकोले रामप्रसादले सीतालाई मन नपराए पनि नातेदारहरूको दबाबले काम गऱ्यो। रामप्रसादका बुवा आफ्नो जमानामा दबङ्ग मानिस थिए। छोराले नमान्ने कुरै आएन। विवाह धुमधामले सम्पन्न भयो। रामप्रसादलाई झूट बोलेर फकाइएको थियो कि केटी मैट्रिक पास छिन्।

ससुराली आएपछि रामप्रसादले सोधे– "कति पढ्या छ्यौ ?" निश्छल सीताले भनी दिइन्– "म पढेलेखेकी छैन।" भोलिपल्टै रामप्रसाद कामको सिलसिलामा शहर पसे र फेरि फर्केर आएनन् । सीता अक्षतयौना माइती फर्किइन्। मधेसमा बिहे भएपछि पहिलोचोटि छिटै माइती बोलाउने चलन हुन्छ ।

एक महीना बित्यो, दुई महीना बित्यो, एक वर्ष बित्यो तर कसैले सीताको खोजखबर लिएन। रामप्रसादले आफ्नो आमाबुवालाई भनिसकेका थिए कि झूट बोलेर बिहे गराइयो। नपढेकी केटीलाई घरमा हुलियो भने घर छाडिदिन्छु । आमाबुवालाई छोरा गुमाउनुभन्दा बुहारी गुमाउनु बेस लाग्यो। सीता परित्यक्ता बनिन् । परित्यक्ता सीतालाई त वाल्मिकिले सहारा दिएका थिए । आमाबुवाको शेषपछि मेरो सहारा को हुने ? सीतालाई के पनि थाहा भयो भने रामप्रसाद वास्तवमा कुनै केटीको प्रेमजालमा फसेका थिए।

सीताका आमाबुवा स्वर्गे भए । सीताको अहङ्कार टुट्यो। विनासुहागरात फर्केपछि उसको एक तिहाई अहङ्कार, ससुरालीले नबोलाएपछि आधा अहङ्कार र आमा बितेपछि तीन चौथाई अहङ्कार गायब भयो ।

माइतीमा साथीसङ्गी त हुन्छन् नै । तीजको दिन थियो। गाउँका केटीहरूको एक झुन्ड नदीमा नुहाउन जाँदै थियो। सीता पनि नुहाउन भनेर बाहिर निस्किन्। आँगनमैं दाइ बसेका थिए। उनले भने– कहाँ गइरहेकी छस् ? मेरो घरमा बस्नुछ भने यो सब चल्दैन । जहाँ मन लाग्यो जान पाउँदिनस्। यो सुनेर सीता छानाबाट खसेजस्तो भइन् । उसलाई पहिलोचोटि लाग्यो यो उसको घर होइन रहेछ । उनको बाँकी रहेको अहम् पनि चकनाचुर भयो। यसै अहङ्कारशून्य अवस्थामा मानिस वास्तविक मार्गको खोजी गर्छ । सीता फनक्क फर्केर घरभित्र पसिन्। उनलाई अब भगवान्कै अवलम्ब थियो । कुनै न कुनै अवलम्ब त अवश्य दिन्छन् होला भगवान्ले । त्यो अवलम्ब उनले फेला पारिन् ।

भोलिपल्ट सीता आफ्नो काकाका छोराकहाँ गइन्। काकाको घर र उनको माइतीबीच बैर थियो। बोलचाल समेत बन्द थियो। उनले भनिन्–"दाई म हताश भएर आएकी हुँ। कृपया घरायसी बैरसँग मेरो आग्रहलाई नजोडिदिनुहोला। उनले सबै कुरा सुनाएर भनिन्–"अब म कहाँ जाउँ ?" दाइको आँखा छचल्केर आयो । उनले भने–"सीता, तिम्रो सबै कथा मलाई पहिलेदेखि थाहा छ। तर म केही गरूँ भने तिम्रो घरको बैरले छेकेको थियो । अब तिमी आइ नै हाल्यौ भने म तिम्रो लागि सबै थोक गर्नेछु। यो घर तिम्रो पनि घर हो। तिमी निश्चिन्त भएर यहाँ बस। यदि तिम्रो लम्पट दाइले केही गर्न चाहचो भने पनि यस घरमा उसलाई पस्न दिइने छैन।"

धेरै दिन काकाको छोराले भने– "तिमीसँग बिहे गरेर पनि तिमीलाई स्वीकार नगर्नु रामप्रसादको अपराध हो। अतः मेरो निष्कर्ष यो छ कि रामप्रसाद अपराधी हो। यसरी सोचियो भने तिमी एउटा अपराधीबाट फुत्कियौ। यो पनि सत्य हो कि यसबाट तिमीले अथाह पीडा पायौ। त्यसमा तिम्रा आमाबुवा र दाइको अहङ्कारले पनि काम गरेको छ। उनीहरूले रामप्रसादलाई फकाउनुको साटो धम्की र कानूनको भय देखाए। रामप्रसाद त वास्तविक अपराधी हो। सज्जन मानिस अपराधीलाई जित्न सक्दैन । यदि तिमी स्वीकार गर्छ्यौ भने म तिमीलाई अर्को बिहे गर्ने सल्लाह दिन चाहन्छु। तर फेरि त्यस्तै घटना नदोहोरियोस् भनेर म चनाखो छु। त्यसैले तिमीलाई केटासँग भेटाएर एक अर्कालाई स्वीकार गर्न सक्ने माहौल बनाउने छु। तर सीता ती व्यक्तिको दुई भाइ छोरा छन्। उनकी पत्नीको मृत्यु भइसकेको छ ।" सीता एकपल्ट त झस्किन्, तर फेरि सम्भालिएर भनिन्– "दाइ, तपाईंले ठीकै भन्नुभयो । यस परित्यक्तालाई कुनै कुमार केटा वा उसका आमाबावुले कहाँ स्वीकार गर्नेछन् ? मलाई तपाईंमाथि विश्वास छ।"

दाइले भने–"त्यसो भए सीता, अब तिमी चिन्ता छाड। आगामी महीना म एउटा यज्ञ गरिरहेको छु त्यसमा सबै पाहुनाका साथ ती व्यक्तिलाई पनि निमन्त्रण दिन्छु। तिमी दुवैजनाको भेट हुनेछ, एक अर्कासँग चिनजान हुन्छ, वाचा बन्धन हुनेछ। त्यसपछिको काम मेरो। केटाको नाम रामबालक हो।"

एक महीनापछि नियत समयमा यज्ञ शुरू भयो। यज्ञ पाँच दिनसम्म चल्यो। सीता र रामबालक छतमा एक्लै बस्थे र कुराकानी गर्थे । दुवैले एक अर्कालाई मन पराएको निर्णय लिएर दाइ समक्ष पुगे। दाइ खुशी भए। त्यसै दिन यज्ञको समाप्तिपछि पाहुनाहरूको बिदाई भयो। अन्तमा रामबालकको बिदाई भयो। त्यस बिदाईमा रामबालकका साथ सीता पनि थिइन्। एउटा रामबाट परित्यक्त सीताले अर्को रामको सम्बल पाइन्। त्यस सम्बलमा एक जोडी लवकुश पनि थिए। तिनको पालनपोषणको जिम्मा सीताले लिइन्।

# जेन जी के हो ?

जेन जी (Gen Z) अर्थात् Generation Z, सन् १९९७ देखि २०१२ सम्म जन्मेका व्यक्तिहरूलाई जनाउने एक सामाजिक पुस्ता हो । यो समूह (मिलेनियल्स) पछि आएको छ र प्रविधिमा अभूतपूर्वरूपले परिपक्व भएको पहिलो पुस्ता हो। उनीहरूलाई (डिजिटल नेटिभ्स) भनिन्छ, किनभने उनीहरू बाल्यकालदेखि नै इन्टरनेट, स्मार्टफोन, सामाजिक मिडिया, र अन्य आधुनिक प्रविधिहरूसँग हुर्किएका छन्। यो पुस्ताको विशिष्ट गुणहरू, चुनौतीहरू, प्रवृत्तिहरू र सामाजिक योगदानलाई गहिराइमा बुझ्न महत्त्वपूर्ण छ ।

Gen Z लाई परिभाषित गर्नका लागि उनीहरूको जन्म समयावधिलाई आधार मानिन्छ, जुन १९९७ देखि २०१२ सम्मको हो । यो समयावधिमा जन्मिएका मानिसहरू प्रविधि, इन्टरनेट र सामाजिक परिवर्तन भइरहेका समयमा हुर्केका हुन्। उनीहरूको जीवनको प्रमुख हिस्सा डिजिटल मिडिया र प्रविधिमा आधारित छ, जसले उनीहरूको सोच, दृष्टिकोण, र व्यवहारमा महत्त्वपूर्ण प्रभाव पारेको छ।

मिलेनियल्स (Generation Y): सन् १९८१ देखि १९९६ सम्म जन्मेका मानिसहरूलाई मिलेनियल्स भनिन्छ। यो पुस्ता जेन जीभन्दा पहिलेको हो र इन्टरनेटको विकास र स्मार्टफोनको उदयसँगै हुर्किएको हो ।

Generation X: १९६५ देखि १९८० सम्म जन्मिएका व्यक्तिहरूलाई जनाउँछ। Baby Boomers दोस्रो विश्वयुद्धपछि जन्मेका मानिसहरूलाई जनाउँछ, जसले १९४६ देखि १९६४ सम्मको समय समेट्छ।

जेन जी विशेषगरी प्रविधि र सामाजिक सचेतनामा अरू पुस्ताहरूभन्दा फरक देखिन्छन् ।

जेन जी डिजिटल युगमा हुर्किएको पहिलो पुस्ता हो। उनीहरूलाई डिजिटल नेटिभ्स भनिनुको कारण नै उनीहरूको प्रविधिसँगको नजीकको सम्बन्ध हो। जब उनीहरू हुर्किए, इन्टरनेटको व्यापक पहुँच, स्मार्टफोन र कम्प्युटरहरू पहिले नै जनजीवनको मुख्य हिस्सा भइसकेको थियो।




जेन जीले बाल्यकालदेखि नै स्मार्टफोन र सामाजिक सञ्जालको प्रयोग गरेका छन्। यसको कारण उनीहरूले सञ्चार र जानकारी आदानप्रदान गर्ने पारम्परिक तरीकाहरूभन्दा फरक ढङ्गले सोच्न थालेका छन् । उनीहरूको जीवनमा टिकटक, इन्स्टाग्राम, स्न्यापच्याट, यूट्युब जस्ता प्लेटफर्महरू प्रमुख सञ्चारका माध्यम हुन् ।

जेन जीले सामाजिक मिडियामा आधारित इन्फ्लुएन्सर कल्चरलाई व्यापकरूपले अँगालिरहेको छ । इन्फ्लुएन्सरहरूले जेन जीको जीवनशैली, फेसन, राजनीतिक धारणा र उपभोक्ता व्यवहारमा ठूलो प्रभाव पारिरहेका छन्।

जेन जीको उपभोक्ता व्यवहार प्रविधिसँग निकट छ । धेरै ब्रान्डले उनीहरूको ध्यान खिच्न सामाजिक सञ्जालका प्लेटफर्महरू, इन्फ्लुएन्सर मार्केटिङ र डिजिटल विज्ञापनको प्रयोग गर्छन् । जेन जीले परम्परागत विज्ञापनभन्दा पनि डिजिटल, अनुकूलित, र वैयक्तिकरण गरिएको विज्ञापनलाई बढी रुचाउँछन् ।

जेन जी सामाजिक, आर्थिक र राजनीतिक मुद्दाहरूमा धेरै सक्रिय छ। उनीहरूले संसारका धेरै समस्यासँग नजीकको सम्बन्ध राख्छन् र समाधान खोज्नमा तत्पर रहन्छन्। केही महत्त्वपूर्ण मुद्दाहरूमा उनीहरूको ध्यान आकर्षित गर्ने कारणले गर्दा जेन जी सामाजिक आन्दोलनको अग्रपङ्क्तिमा रहन्छ ।

जेन जी जलवायु परिवर्तन, ग्लोबल वार्मिङ, प्लास्टिक प्रदूषण र वन्यजन्तु संरक्षण जस्ता वातावरणीय मुद्दाहरूमा धेरै सचेत छ । थुनबर्ग जस्ता युवा वातावरणीय कार्यकर्ताहरू जेन जीका प्रेरणा हुन्, जसले यस पुस्तालाई हरित पहलकदमी र वातावरणीय संरक्षणमा अग्रसर गराएको छ ।

जेन जी लैङ्गिक समानतामा विश्वास गर्छ र LGBTQ+ समुदायको समर्थनमा धेरै अगाडि छ । उनीहरूको सोचमा लिङ्गका पारम्परिक धारणाहरूलाई चुनौती दिने प्रवृत्ति देखिन्छ र तिनीहरू यौनिकता र पहिचानको विविधता स्वीकार गर्छन् ।

जेन जीले मानसिक स्वास्थ्यलाई गम्भीरताका साथ लिन्छ । उनीहरू मानसिक स्वास्थ्य समस्याहरूका बारेमा खुलेर कुरा गर्न र सहयोग प्राप्त गर्नको लागि ठूला सामाजिक मिडिया प्लेटफर्महरू प्रयोग गर्छन् । यो पुस्ता मानसिक स्वास्थ्य सेवाहरूलाई सामान्यीकरण गर्न र त्यसको बारेमा खुलारूपमा छलफल गर्न अग्रसर देखिन्छ।

जेन जीले शिक्षा र करियरप्रति परम्परागत धारणाभन्दा फरक दृष्टिकोण राख्छ । तिनीहरूले लचिलो, गतिशील र नवीन पेशागत अवसरहरू खोज्छन् ।

जेन जीले परम्परागत ९ देखि ५ सम्मको कामको धारणा भन्दा लचिलो कार्यशैली, रिमोट काम र फ्रीलान्सिङको समर्थन गर्छ। COVID–19 को महामारीले यस पुस्तालाई अझ धेरै रिमोट कार्यमा अभ्यस्त बनायो, जसले गर्दा उनीहरूका लागि भर्चुअल वा घरबाट काम गर्ने अवसरहरूको माग बढेको छ ।

धेरै जेन जी व्यक्तिहरू आफूलाई उद्यमशीलतातर्फ उन्मुख देखाउँछन्। उनीहरू परम्परागत करियर मार्गहरू पछ्याउनेभन्दा साइड हस्टल, स्टार्टअप, र फ्रीलान्सिङ जस्ता अवसरहरूको खोजी गर्छन्। सामाजिक मिडियाले यो पुस्तालाई उद्यमशीलता र सिर्जनात्मक कार्यमा प्रेरित गरिरहेको छ ।

(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## ऐतिहासिक आँधीपछि केही दिनमैं दोस्रो आँधीको चपेटामा साङ्घाई

साङ्घाई, ४ असोज/एएफपी

७५ वर्षको इतिहासमा सबैभन्दा



शक्तिशाली आँधी आएको केही दिनपछि दोस्रो आँधीले प्रभावित गर्दा चिनियाँ शहर साङ्घाईका सडक र छिमेकमा शुक्रवार बाढी आएको छ।

पुलासन आँधी बिहीवार राति साङ्घाईको फेङ्जियान जिल्लामा २३ मिटर प्रतिसेकेन्ड (८३ किलोमिटर प्रतिघण्टा) को वेगमा अवतरण गरेको सरकारी समाचार एजेन्सी सिन्हवाले बताएको छ।

सिन्हवाले आँधी स्थलतर्फ अघि बढ्दै गर्दा क्रमिकरूपमा कमजोर हुने पूर्वानुमान गरिएको बताएको छ। यद्यपि शुक्रवार बिहान पनि वर्षा भइरहेको छ।

शुक्रवार सामाजिक सञ्जालमा पोस्ट गरिएका भिडियोहरूमा साङ्घाईका बासिन्दाहरू घुँडासम्मको पानीमा हिंडिरहेको देखिन्छ। यद्यपि अहिलेसम्म कुनै गम्भीर क्षति वा हताहतको समाचार छैन।

साङ्घाईका केही क्षेत्रले आँधी नजीकिँदै गर्दा बिहीवार आफ्नो चेतावनी स्तर बढाएका थिए।

बेबिनकाले सोमवार विध्वंस मचाएको केही दिनपछि पुलासन आँधी आएको हो। बेबिनका सन् १९४९ पछि साङ्घाईमा आएको सबैभन्दा शक्तिशाली आँधी थियो।

बेबिनका आँधीबाट १८०० भन्दा बढी रूख ढलेका थिए भने ३० हजारभन्दा बढी घरमा विद्युत् काटिएको थियो। अधिकारीहरूले आँधी आउनु अघि साङ्घाईभर चार लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारेका थिए। हरितगृह ग्याँसहरूको उत्सर्जनका कारण जलवायु परिवर्तन हुँदा अत्यधिक मौसमी घटनाहरूलाई धेरैपटक र तीव्र बन्दै गएको वैज्ञानिकहरूले बताएका छन्।

चीन विश्वको सबैभन्दा ठूलो हरितगृह ग्याँस उत्सर्जक हो। यद्यपि यस मुलुकको प्रतिव्यक्ति उत्सर्जन प्रतिद्वन्द्वी आर्थिक शक्ति संयुक्त राज्य अमेरिकाको तुलनामा कम छ। रासस

## बाइडेनद्वारा बिदाइ सम्मेलनका लागि 'क्वाड' नेताहरूको स्वागत

वाशिङ्टन, ४ असोज/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले कथित 'क्वाड' समूहलाई बिदाइ दिन यस साताको अन्त्यमा आफ्नो डेलावेयरस्थित घरमा अस्ट्रेलिया, जापान र भारतका नेताहरूलाई स्वागत गर्दैछन्। क्वाडलाई ती देशले चीनको प्रतिसन्तुलनका रूपमा अगाडि बढाएका छन्।

बाइडेनले आफ्नो गृहनगर विलमिन्टनलाई चार-राष्ट्रिय समूहको शिखर सम्मेलनका लागि चयन गरेका छन्। यो उनी राष्ट्रपति पदमा रहँदा अन्तिम शिखर सम्मेलन हुनेछ। बाइडेनले सन् २०२४ को राष्ट्रपति निर्वाचनमा डोनाल्ड ट्रम्पविरुद्ध प्रतिस्पर्धा नगर्ने निर्णय गर्दै उपराष्ट्रपति कमला ह्यारिसलाई डेमोक्रेटिक पार्टीको नेतृत्व सुम्पेका छन्।

उनले आफ्नो प्रिय विलमिन्टन घरमा एक-एक गरेर भेटवार्ता गर्नेछन्। यसको शुरूआत शुक्रवार राति अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजबाट हुनेछ र शनिवार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा जापानी प्रधानमन्त्री फुमियो किशिदासँग जारी रहने छ।

त्यसपछि शनिवार बाइडेनले शहरको आफ्नो पूर्वविद्यालयमा 'अन्तर' रात्रिभोज र पूर्ण चौतर्फी शिखर सम्मेलन आयोजना गर्नेछन्।

"यो राष्ट्रपति बाइडेनका लागि राष्ट्रपति पदमा रहँदा पहिलोपटक विलमिन्टनमा विदेशी नेताहरूलाई स्वागत गर्ने अवसर हो, यसले उनी र प्रत्येक क्वाड नेताबीचको गहिरो व्यक्तिगत सम्बन्धलाई प्रतिविम्बित गर्छ"-ह्वाइट हाउसका प्रेस सचिव करिन जिन-पियरेले भने। ह्वाइट हाउसले सम्मेलनमा उपराष्ट्रपति ह्यारिसको उपस्थिति नहुने जनाएको छ।

क्वाड समूहको सुरुआत सन् २००७ मा भएको थियो। यद्यपि बाइडेनले यसलाई बलियो बनाएर ट्रम्पको एक्लोपनवादी वर्षहरूपछि अन्तर्राष्ट्रिय गठबन्धनमा जोड दिएका छन्।

चीनसँग बढेको तनाव, विशेषगरी विवादास्पद दक्षिण चीन सागरमा हालैको चिनियाँ र फिलिपिनो जहाजहरूबीचको सङ्घर्षका कारण बैठकमा चीनबारे प्रमुखताका साथ छलफल हुने अपेक्षा गरिएको छ।

"यो निश्चय नै एजेन्डाको शीर्ष स्थानमा रहने छ"-राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले भने। उनले चार नेताबीच 'जनवादी गणतन्त्र चीनले खडा गरेको चुनौतीबारे साझा बुझाइ' रहेको बताए।

तथापि ह्वाइट हाउस पत्रकारहरूको सीमित पहुँचका लागि आलोचना खेपिरहेको छ। विशेषगरी भारतीय प्रधानमन्त्री मोदीको मिडियासँगको कम सम्बन्धका कारण यो कदम उठाइएको भन्ने प्रश्न गरिएको छ।

सन् २०२३ मा ह्वाइट हाउसको राजकीय भ्रमणका क्रममा दुई प्रश्नको उत्तर दिन मोदीलाई राजी गराइएको थियो। तर उनले भारतमा आफ्नो अघिल्लो नौ वर्षको शासनकालमा कुनै पनि खुला प्रेस सम्मेलन गरेका थिएनन्।

ह्वाइट हाउसले बाइडेनले बढ्दो अधिनायकवादको आरोपको सामना गरेका मोदीसँग मानव अधिकारका विषयमा छलफल गर्न नहच्किने बताएको छ। "उनले विदेशी नेताहरूसँग गर्ने कुनै पनि कुराकानी यस्तो हुँदैन जसमा उनले मानव अधिकार र नागरिक अधिकारको सम्मानको महत्त्वबारे कुरा नगरेका हुन् र यसमा प्रधानमन्त्री मोदी पनि समावेश छन्"-किर्बीले भने।

भारतले सन् २०२५ मा अर्को क्वाड शिखर सम्मेलनको आयोजना गर्नेछ।

बाइडेनलाई वाशिंगटनदेखि करीब १७६ किलोमिटर टाढाको विलमिन्टनमा आफ्नो घरप्रति गर्व छ। यहाँ उनी प्रायः ह्वाइट हाउसको व्यस्तताबाट बाहिर रहेर सप्ताहान्त बिताउन आउँछन्।

त्यस घरको ग्यारेजमा उनको कोरभेट स्पोर्ट्स कारको छेउमा गोप्य कागजातहरू फेला परेपछि सन् २०२२ मा यो घर चर्चामा आएको थियो। यद्यपि बाइडेनलाई उक्त मामिलामा आरोप लगाइएको थिएन। रासस

## अमेरिकी शेरिफमाथि न्यायाधीश हत्याको अभियोग

वाशिङ्टन, ४ असोज/एएफपी

अमेरिकाको दक्षिणी राज्य केन्टकीमा जिल्ला अदालतका न्यायाधीशलाई गोली हानेर हत्या गरेको आरोपमा लेचर काउन्टीका शेरिफलाई बिहीवार हत्याको अभियोग लगाइएको छ। लुइसभिल कुरियर जर्नल पत्रिकाका अनुसार लेचर काउन्टीका शेरिफ मिकी स्टाइन्सलाई लेचर काउन्टीको कोर्टहाउसमा गोली हानेको आरोपमा पक्राउ गरिएको हो। सिबिएस न्युजका अनुसार उनीमाथि जानाजानी हत्या गरेको आरोप लगाइएको थियो।

प्रहरीका प्रवक्ताले स्टिन्स र न्यायाधीश ५४ वर्षीय केभिन मुलिन्सबीच उनको कार्यकक्षमा भएको विवादपछि गोली चलेको बताएका छन्।

अनुसन्धानकर्ताहरूले अहिलेसम्म यसको कारण भने सार्वजनिक गरेका छैनन्।

केन्टकीका गभर्नर एन्डी बेशियरले एक्समा एक पोस्टमा न्यायाधीशलाई ताकेर गोली हानिएको पुष्टि गरेका छन्।

"दुःखको कुरा, मलाई लेचर काउन्टीका एक जिल्ला न्यायाधीशलाई उनकै कोठामा गोली हानेर हत्या गरिएको जानकारी दिइएको छ"-बेशियरले भने।

उनले लेखेका छन्-"यो संसारमा त्यहाँ राम्रो भविष्यको बाटो छ। धेरै हिंसा छ, र म प्रार्थना गर्दछु कि सबैले राम्रो मार्ग लिनु उचित हुनेछ।" संयुक्त राज्य अमेरिकामा जनसङ्ख्याभन्दा बढी बन्दूक छन् र बन्दूक हिंसा व्यापक हुने गर्छ।

यसै महीनाको शुरूमा केन्टुकी राजमार्गमा एकजना व्यक्तिले गोली हानेर पाँच जनालाई घाइते बनाएका थिए। १० दिनको खोजीपछि बन्दूकधारीको शव बुधवार फेला परेको हो।

सर्वेक्षणले अमेरिकीहरूलाई थप बन्दूक प्रतिबन्धको समर्थन गरेको देखाए पनि बन्दूक राख्न पाउने पक्षमा संवैधानिक संरक्षण र व्यापक दबाब समूहका कारण बन्दूक किन्न र राख्न नपाउने प्रावधान हटाउने राजनीतिक प्रयासले सार्थकता पाउन सकेको देखिंदैन। बन्दूक अधिकारको प्रयासहरूले प्रायः कठोर राजनीतिक प्रतिरोधको सामना गर्नुपर्छ। यो मुद्दा प्रायः पछिल्ला अमेरिकी निर्वाचनमा पक्ष वा विपक्षमा मत आकर्षण गर्ने गतिलो एजेन्डा बन्ने गरेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यभय | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडापरिश्रम |
| धनु – कार्यनाश | मकर – भयचिन्ता |
| कुम्भ – राज्यलाभ | मीन – धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सामुदायिक बचतको साधारणसभा

प्रस, पर्सागढी, ४ असोज/

जीतपुरसिमरा उपमहानगरपालिका-



७ मा रहेको सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शुक्रवार साधारणसभा सम्पन्न भएको छ। संस्थाकी अध्यक्ष सावित्रीदेवी पिप्लेको अध्यक्षतामा भएको वार्षिक साधारणसभाको वडास्तरीय सहकारी संस्थाका प्रमुख सुदन चौधरीले उद्घाटन गरेका थिए। सो अवसरमा लेखाप्रमुख शम्भु महराले संस्थाको आय-व्ययसहितको आर्थिक गतिविधि प्रस्तुत गरेका थिए।

कार्यक्रममा उपाध्यक्ष श्रवणकुमार गुप्ता, सचिव विपिन कुमार, कोषाध्यक्ष शम्भुवान गुप्तालगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत दशीमाया तामाङ र सहजीकरण शम्भु महराले गरेका थिए।

## महानगरविरुद्ध अन्तरिम आदेश जारी भएन

प्रस, वीरगंज, ४ असोज/

वीरगंज महानगरपालिका-९ स्थित नेपाल रेलवे माध्यमिक विद्यालय व्यवस्थापन समिति खारेज गर्ने महानगरपालिकाको निर्णय उच्च अदालतले सदर गरेको छ।

महानगरले नियमविपरीत व्यवस्थापन समिति खारेज गरेको भनी अध्यक्ष विजयबाबू रौनियारसमेतले अन्तरिम आदेश जारी गरी पाउ भन्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा दिएको रिटमा अदालतले अन्तरिम आदेश जारी नहुने आदेश गरेको हो।

उच्च अदालतका न्यायाधीशद्वय दुर्गाबहादुर विश्वकर्मा र नेत्रप्रकाश आचार्यको संयुक्त इजलासले महानगरले नियमसङ्गत व्यवस्थापन समिति खारेज गरेको ठहर गर्दै अन्तरिम आदेश दिइरहनु नपर्ने आदेश गरेको हो।

वीरगंज महानगरपालिकाले विद्यालय व्यवस्थापन समिति अध्यक्ष रौनियारसहितले विद्यालयको व्यवस्थापन सही ढङ्गले गर्न नसकेको, समितिको कार्य सन्तोषजनक नभएको भन्दै गत असार २ गते समिति विघटन गरेको थियो।

महानगरको सो निर्णयविरुद्ध समितिका अध्यक्ष रौनियारले गत भदौ २३ गते उच्च अदालत वीरगंजमा अन्तरिम आदेशका लागि मुद्दा दायर गरेका थिए।

## अस्पतालको समयमा चिकित्सक बाहिर जान नपाउने

चितवन, ४ असोज/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरकारी अस्पतालमा काम गर्ने समयमा चिकित्सकहरू निजी अस्पतालमा जान नपाउने बताएका छन्। पत्रकारसँग कुरा गर्दै उनले भने-"सरकारी अस्पतालमा काम गर्ने समयमा उहाँहरू उपलब्ध हुनुपर्छ।"

मन्त्रालयले केही दिनअघि जारी गरेको निर्देशिका अस्पताल र विभागमा कार्यान्वयनको चरणमा रहेको उनले जानकारी दिए। निर्देशिका कार्यान्वयन भइरहेकोले कतिपय समस्या देखिएको र ती समस्या छिट्टै समाधान हुने उनले बताए। स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गरी व्यवस्थित गर्न सरकार अघि बढेको मन्त्री पौडेलको भनाइ छ।

स्वास्थ्य क्षेत्रको प्रगति हिजोको आजै नदेखिने भएकोले क्रमिक सुधारको बाटोमा लैजाने प्रतिबद्धता उनले जनाए। मन्त्री पौडेलले भने-"स्वास्थ्य सेवा प्रभावकारी, बीमा व्यवस्थित, औषधिको मूल्य समायोजनलगायत थुप्रै काम शुरू गरेका छौं, ती कार्यान्वयन हुँदै जान्छन्।"

मन्त्री पौडेलले स्वास्थ्य बीमालाई रु पाँच लाख बनाउने मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्बाट पास भएर कार्यान्वयनमा जाने तयारीमा रहेको जानकारी दिए। उनले भने-"हाम्रो प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकार गरेको लगत्तै पाँच लाखको बीमा कार्यान्वयन हुन्छ।"

## देशभर मनसुनी वायुको प्रभाव कायम

काठमाडौं, ४ असोज/रासस

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले मनसुनको न्यून चापीय रेखाको पश्चिमतिर सरदर स्थानको उत्तरतिर र पूर्वमा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको बताएको छ।

कोशी र बागमती प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही केही स्थानमा हल्का वर्षा भइरहेको छ भने बाँकी भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहेको विभागले जनाएको छ।

विभागका अनुसार आज दिउँसो देशभर आंशिकदेखि साधारणतया बदली रहने छ। कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

यसैगरी आज राति देशभर आंशिकदेखि साधारणतया बदली रहने छ भने बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका केही स्थान तथा बाँकी पहाडी भूभागका एक-दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

आगामी २४ घण्टामा कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

## जेन जी ...

जेन जीका विद्यार्थीहरू उच्च शिक्षालाई नयाँ तरिकामा हेर्छन्। उनीहरू अनलाइन शिक्षा, स्वतन्त्र अध्ययन र व्यावसायिक सीपमाथि केन्द्रित छन्। तिनीहरू लामो अवधि र महँगो शिक्षाभन्दा व्यावहारिक, पहुँचयोग्य र शीघ्र उपलब्ध शैक्षिक अवसरहरू खोज्छन्।

जेन जी प्रविधि, सामाजिक मुद्दा र सांस्कृतिक रूपान्तरणमा सक्रिय छ। तथापि यस पुस्ताले विभिन्न चुनौतीहरूको पनि सामना गर्नुपरेको छ।

डिजिटल युगमा हुर्किएकाले जेन जी सूचना प्रवाहको अनियन्त्रित बहावको सामना गरिरहेका छन्। उनीहरूले धेरै स्रोतबाट सूचना पाउँछन्, तर सूचनाको विश्वसनीयता र सत्यताको अभावले गर्दा सूचना थकान र गलत सूचना फैलिन सक्छ।

सामाजिक मिडिया र डिजिटल प्रवृत्तिका कारण जेन जीले आत्मसम्मान, मानसिक स्वास्थ्य र सामाजिक दबाबसँग सङ्घर्ष गरिरहेका छन्। सामाजिक मिडियामा पूर्ण जीवनशैलीको चित्रणले उनीहरूलाई असुरक्षा र तुलनात्मक सोचमा पर्न सक्ने खतरा रहन्छ।

जेन जीले वित्तीय अस्थिरता, बढ्दो शिक्षा ऋण र करियरको अनिश्चिततासँग पनि जुझ्नुपरेको छ। ठूला आर्थिक मन्दीका समयमा हुर्किएका यो पुस्ताले रोजगारको सुरक्षा र आर्थिक स्वतन्त्रतामा केही चुनौतीहरू महसूस गरेका छन्।

जेन जीपछि आउने पुस्तालाई Generation Alpha भनिन्छ। Generation Alpha २०१३ पछि जन्मिएका व्यक्तिहरूलाई जनाउँछ। यो पुस्ता जेन जीको सन्तानका रूपमा हेरिन्छ र प्रविधिको अझ उन्नत युगमा हुर्किरहेको छ।

यो पुस्ता कृत्रिम बुद्धिमत्ता (AI), भर्चुअल रियालिटी (VR), रोबोटिक्स, र स्वचालित प्रविधिहरूको समयमा हुर्किएको हो, जसले गर्दा उनीहरूलाई प्रविधिसँग अझ बढी निकट बनाएको छ।

Generation Alpha ले प्रविधिमा आधारित शिक्षा प्रणाली जस्तै अनलाइन शिक्षा, स्मार्ट क्लासरूम र डिजिटल लर्निङको अनुभव गरिरहेको छ।

जेन जीले शुरू गरेको सामाजिक मिडियाको प्रयोगलाई Generation Alpha ले झन् बढी प्रयोग गर्नेछ।

Generation Alpha धेरै हदसम्म प्रविधिमा निर्भर हुनेछ, जहाँ सबै कुरामा डिजिटल समाधान र स्मार्ट उपकरणहरूको प्रयोग हुन्छ।

यो पुस्ता २०२५ सम्ममा ठूला सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरूको हिस्सा बन्ने अपेक्षा गरिएको छ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# बेपत्ता परिवारका सदस्यलाई आर्थिक सहयोग

नरेश यादव, पर्सागढी, ४ असोज/

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९ नारायणघाट-मुग्लिङ सडकखण्ड अन्तर्गत सिमलतालको पहिरोमा परी बस दुर्घटना हुँदा बेपत्ता भएका पर्सागढी नगरपालिका-७ का ६७ वर्षीय सलिम मियाँ र निजकी पत्नी जनबिया धुनियाका परिवारलाई नपाले ५० हजार सहयोग गरेको छ।



पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठक, उपप्रमुख पूजा चौधरीसमेत पीडित परिवारको घरमा पुगेर निजका बुहारीद्वय सब्या खातुन र फातमा खातुनलाई रु ५० हजारको चेक हस्तान्तरण गरेका थिए। घटनामा बेपत्ता परिवारलाई आर्थिक सहयोग गर्ने नगरपालिका अन्तर्गतको विपत् व्यवस्थापन समितिले यस अघि निर्णय गरेको थियो।

विपत् भनेर आउँदैन र यस्ता घटनाका पीडितहरूलाई पर्सागढी नपाले सहयोग गर्दै आएको र आगामी दिनमा पनि गर्ने नगरप्रमुख पाठकले प्रतिबद्धता जाहेर गरे। कार्यक्रममा वडा सदस्य रामजीवन खाँ थारू, सर्बतदास थारू, स्थानीय सिकेन्द्र पटेल, उमेश भण्डारीलगायतको सहभागिता थियो।

# तेरापन्थको ११ दिने अभियानमा ११२७ पिन्ट रगत सङ्कलन

प्रस, वीरगंज, २ असोज/

तेरापन्थ युवक परिषद्को आयोजनामा भदौ २५ देखि असोज ४ गतेसम्म ११ दिने रक्त सङ्कलन अभियान अन्तर्गत शुक्रवार अन्तिम दिन ७२ पिन्ट रगत सङ्कलन भएको छ।



रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक मनीष साहले शुक्रवार शिवशक्ति समूह जीतपुरमा आयोजित रक्तदान कार्यक्रममा ७२ जनाले रक्तदान गरेको बताए।

केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले तेरापन्थ युवक परिषद्को ११ दिने रक्तदान अभियानबाट ६२ जना महिलासहित ११२७ जनाले रक्तदान गरेको बताए। उनले यो अभियान तेरापन्थ युवक परिषद्ले ११ दिनमा १५०० सय पिन्ट रगत सङ्कलनको लक्ष्य नजीक पुगेको र चाडपर्वको बेलामा यो अभियानले महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

चाडपर्वका बखत बडादशैं, तिहार र छठमा रक्तदान कार्यक्रम प्रभावकारी नहुने बेलामा तेरापन्थ युवक परिषद्को आयोजनामा भएको रक्तदानले निकै प्रभावकारी काम गर्ने उनले विश्वास व्यक्त गरे।

# स्वच्छ खानेपानीको लागि महानगरले गुरुयोजना बनाउने

प्रस, वीरगंज, ४ असोज/

वीरगंज महानगरपालिकाले ३२ वटै वडामा सुरक्षित र स्वच्छ खानेपानी पुऱ्याउनका लागि गुरुयोजना तयार गरी सोही अनुसार कार्य गर्ने तयारी थालेको छ।

वीरगंज महानगरपालिका, नेपाल खानेपानी संस्थान र युनिसेफको संयुक्त सहकार्यमा खानेपानी तथा सरसफाइ योजना लागू गरी महानगरका ३२ वटै वडामा सुरक्षित र स्वच्छ खानेपानीको पहुँच पुऱ्याउन शुक्रवार सम्पन्न बैठकमा सहमति भएको छ। नगरप्रमुख राजेशमान सिंहको कार्यकक्षमा बसेको बैठकमा स्वच्छ र सुरक्षित खानेपानीको समस्या दीर्घकालीनरूपमा समाधान गर्न गुरुयोजना बनाएर कार्यान्वयन गर्ने सहमति बनेको बताइएको छ।



बैठकमा सुरक्षित र स्वचछ खानेपानीको पहुँच सुनिश्चित गर्नु आफ्नो मुख्य प्राथमिकता भएको नगरप्रमुख सिंहले बताए। उनले सुरक्षित खानेपानी परीक्षणका लागि युनिसेफले ल्याब स्थापना गर्ने निर्णय गरेको बताए।

बैठकमा खानेपानी गुणस्तर अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याउने तथा महानगर, नेपाल खानेपानी संस्थान र युनिसेफको सयुक्त सहकार्यमा खानेपानी तथा सरसफाइ कार्य योजना लागू गर्ने निर्णय भएको बताइएको छ।

बैठकमा उपप्रमुख इम्तियाज आलम, निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, नेपाल खानेपानी संस्थानका महाप्रबन्धक त्रिदीपकुमार श्रेष्ठ, इन्जिनीयर निरण महर्जन, प्रवीणकुमार साह, युनिसेफका प्रमुख इरफान एस, सुरेन्द्रबाबू ढकाल, सिद्धि श्रेष्ठ, महानगरपालिकाका प्राविधिक सल्लाहकार इन्जिनीयर प्रकाश अमात्य, राकेश साहलगायतको सहभागिता थियो।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




**शिक्षामा ...**

आज सहमति हुन नसके पनि तीन दिनभित्र बैठक बोलाएर सहमतिको प्रयास गर्ने निर्णयसहित आजको भेला सकिएको छ।

पोखरिया नपामा २५ वटा सामुदायिक विद्यालय छनन् र त्यसमध्ये १४ वटामा मात्र विद्यालय व्यवस्थापन समिति गठन हुन सकेको छ भने ११ वटामा बाँकी रहेको पोनपाका शिक्षा शाखा सहायक प्रमुख विनोद चौहानले बताए।

# खेलकूदको संसार

## महिला फूटबल : एपिएफ विजयी

काठमाडौं, ४ असोज/रासस

एन्फा महिला लिगमा एपिएफ विजयी भएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा शुक्रवार भएको खेलमा रश्मिकुमारी घिसिङको ह्याट्रिकसहित एपिएफले कोशी प्रदेशमाथि ८-० को जीत निकाल्यो।



प्रतियोगितामा यो एपिएफको छैटौं जीत हो। पहिलो खेलमा भने एपिएफले विभागीय टोली नेपाल पुलिस क्लबसँग गोलरहित बराबरी खेलेको थियो।

जारी प्रतियोगितामा सात खेलपछि एपिएफले १९ अङ्क जोडेको छ। प्रतियोगितामा तेस्रो हार बेहोरेको कोशी प्रदेश १० अङ्कसहित अङ्कतालिकाको पाँचौं स्थानमा छ। एपिएफको जीतमा रश्मिकुमारी घिसिङले पाँच गोल गरिन् भने अनीता बस्नेतले दुई तथा अनीता केसीले एक गोल थपिन्।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा) को आयोजनामा जारी लिगमा विभिन्न १० टोलीको सहभागिता छ।

## राष्ट्रिय फुल कन्टचाक्ट कराँते शनिवार

काठमाडौं, ४ असोज/रासस

इन्टरनेशनल फेडरेशन अफ क्योकुसिन काइकान कराँते (आइएफकेके)को आयोजनामा छैटौं आइएफकेके राष्ट्रिय तौल समूह फुल कन्टचाक्ट कराँते प्रतियोगिता शनिवार हुने भएको छ।

प्रतियोगितामा सातै प्रदेशबाट करीब एक सय खेलाडीको सहभागिता रहने आइएफकेकेका संस्थापक एवं नेपाल ब्रान्च चिफ प्रेमबहादुर तामाङले जानकारी दिए। उनका अनुसार पुरुषतर्फ चार र महिलातर्फ दुई गरी छवटा स्पर्धामा प्रतिस्पर्धा हुनेछ।

पुरुषमा ३५ किलोमुनि, ४० किलोमुनि, ४५ किलोमुनि र ५० किलोमुनि तौल समूहमा खेल हुनेछन्। महिलामा ४० किलोमुनि र ४५ किलोमुनि स्पर्धामा प्रतिस्पर्धा हुनेछ। सबै स्पर्धामा पदक जित्ने खेलाडीले नगद पुरस्कार पाउने आयोजकले जनाएको छ। कुल पुरस्कार राशि एक लाख ३१ हजार रहेको छ।

एक दिने प्रतियोगिताका खेलहरू त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को सेमी कभर्डहलमा खेलाइनेछ। प्रतियोगिता सञ्चालन गर्न करीब रु आठ लाख खर्च लाग्ने आयोजकले बताएको छ।

## मधेस युनाइटेडका लागि बाराकी मीना चौधरी छनोट

प्रस, परवानीपुर, ४ असोज/

इन्फिनिटी ड्रिम्सको आयोजनामा यही असोज १४-१९ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा पहिलो संस्करणको एभरेस्ट महिला भलिबल लिग प्रतियोगिताको लागि मधेस युनाइटेड टीमबाट बाराकी मीना चौधरी छनोट भएकी छन्।

मधेस युनाइटेड महिला भलिबल टीमले शुक्रवार ज्ञानदा एकेडेमीमा आयोजना गरेको टयालेन्ट हन्ट प्रतियोगिताबाट चौधरी छनोट भएकी हुन्। वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले छनोट प्रतियोगिताको उद्घाटन गरेका थिए। आज चारवटा महिला भलिबल टीमबीच प्रतिस्पर्धा गराएर उत्कृष्ट एकजनाको छनोट गरिएको मधेस युनाइटेडकी प्रमुख प्रशासकीय अधिकृत संज्ञा श्रेष्ठले बताइन्।

पहिलो चरणमा ठोरी गापा महिला भलिबल टीम र सर्लाहीबीच भएको प्रतिस्पर्धामा सर्लाही विजय भएको थियो। यसैगरी, बारा र जनता मावि, पर्सागढीबीचको खेलमा बारा विजयी भएको थियो। बारा र सर्लाहीबीचको फाइनल खेलमा बाराले जीत हासिल गरेपछि बाराकी चौधरी छनोट भएकी हुन्। उनी मधेस युनाइटेडका १२ महिला सदस्यको रूपमा प्रतियोगितामा समावेश हुनेछिन्।

महिला भलिबलका खेलाडीहरूलाई अवसर दिन फ्रेन्चाइज लिगको पहिलो संस्करण हुन गइरहेको छ। प्रतियोगितामा मधेस युनाइटेडसँगै काठमाडौं, ललितपुर, चितवन, गण्डकी र कर्णाली गरी छवटा टीम सहभागी छन्।


# बीमाकर्मीलाई दक्षता अभिवृद्धि तालीम

प्रस, वीरगंज, ४ असोज/

सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेडले मधेस प्रदेशका आफ्ना २५ जना सहकर्मीलाई दुई दिने दक्षता अभिवृद्धि तालीम प्रदान गरेको छ।

वीरगंजमा आयोजित तालीम समापन कार्यक्रममा नेपाल बीमा प्राधिकरणकी मधेस प्रदेश प्रमुख प्रीति देवले बीमाकर्मीहरूलाई बीमासम्बन्धी दक्षता अभिवृद्धि गरी जनजनसम्म बीमाको महत्त्वबारे जानकारी दिनुपर्ने बताइन्।

कम्पनीका कावा प्रमुख कार्यकरी अधिकृत साउथ आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा मधेस प्रदेश प्रमुख निशान्त लामिछाने, चार्टर्ड एकाउन्टेन्ट वासुदेव जोशी, भास्कर भुँजेल, सविन्द्रमान डङ्गोल, प्रबल अर्याल, दिलीप ढुङ्गेल, सन्दीपसिंह ठकुरीलगायतको सहभागिता थियो।



**विश्रामपुर ...**

स्पष्टीकरण दिन आदेश दिएको छ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका न्यायाधीशद्वय गणेश ठाकुर र हरिप्रसाद जोशीको संयुक्त इजलासले असोज २ गते यस्तो आदेश गरेको हो। विश्रामपुर गापा-५ इटियाहीका पन्नालाल प्रसाद, आत्माकुमार गुप्ता र किनु गुप्तालगायतले उच्च अदालतमा अपहेलना मुद्दा दर्ता गराएका थिए।

निजहरूका बुबा वीरकेश्वर साहको नाममा दर्ता रहेको घडेरी जग्गाबाट करीब पाँच धुर जग्गा मिचेर पक्की सडक ढलान गर्ने योजना अघि बढाउँदा जग्गाधनीहरूले सोविरुद्ध अदालतमा रिट दिएका थिए। सो मुद्दामा अदालतले उत्प्रेषण परमादेश जारी गर्दा पनि गापाध्यक्ष भुट्टो र वडाध्यक्ष अमिरीलालप्रसाद गुप्ताले अदालतको आदेश नमानेर निवेदकको घर भत्काउने कार्य गरेका थिए।


## रोगबाट बच्ने उपायहरू

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाहृय जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिसापिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिची हात धोऔं, रोगबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड